# नेपालको संविधान

# २०७२

(तेस्रो संशोधन समेत मिलाइएको रुपमा)

नेपाल कानून आयोग

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्र श्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर बिक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## प्रस्तावना

नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मतिको अनुकूल शासन व्यवस्था चलाउनु वाञ्छनीय भएको र [०]त्यस्तो व्यवस्था जनजावनमा आधारित, राष्ट्रिय प्रतिभा र परम्परा सुहाउँदो, तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अंगाल्ने दलविहिन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा मात्र सम्भव छ भन्ने हाम्रो दृढ विश्वास भएको ; र

प्यारा प्रजाको सुख र समृद्धि ने सदैव हाम्रो एक मात्र लक्ष्य भई सो लक्ष्य प्राप्त गर्नको लागि हामिबाट दृढसंकल्प गरिबक्सेकोले

नेपाल अधिराज्यको निमित्त एक संविधान बनाई जारी गर्नु वाञ्छनीय हुँदा हाम्रा महान् तथा आदरणीय पूर्वजहरुका पालादेखि नै चलिआएको हाम्रा मुलुकको संवैधानिक कानून, रीत र परम्परा अनुसार हामीमा अन्तर्निहित राजकीय सत्ता र विशेषाधिकार प्रयोग गरिबक्सी हामी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट यो संविधान बनाई जारी गरीबक्सेका छौं ।

# भाग १

## प्रारम्भिक

१. संविधान मूल कानून : यो संविधान नेपालको मूल कानून हो र यसमा लेखिएका कुराका अधीनमा रही यो संग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ ।

२. राष्ट्र : (१) जुनसुकै धर्म, वर्ण, जात वा जातिका भए पनि समान आकांक्षा राख्ने र राजमुकुटप्रति आस्थाद्वारा एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रुपमा एक राष्ट्र हो ।

---

[०] संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

(२) आफ्नो प्रतिभा र परम्परा अनुसार राजनैतिक, आर्थिक र सांस्कृतिक जीवनको विकास गर्ने र अरु राष्ट्रहरुसंग आफ्नो सम्बन्ध निर्धारण गर्ने राष्ट्रको अविनाश्य र अविच्छेद्य अधिकार हो ।

३. ●अधिराज्य : (१) नेपाल एउटा स्वतन्त्र, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राजतन्त्रात्मक हिन्दू ●अधिराज्य हो ।

(२) नेपालको क्षेत्र देहाय बमोजिम हुनेछ :-

(क) यो संविधान प्रारम्भ हुँदाको बखतको क्षेत्र; र

(ख) यो संविधान प्रारम्भ भएपछि प्राप्त हुने क्षेत्र ।

४. राष्ट्र भाषा : नेपालको राष्ट्रभाषा देवनागरी लिपिमा नेपाली भाषा हो ।

५. राष्ट्रिय झण्डा : सिम्रिक रङ्गको भूइँ र गाढा नीलो रङ्गको किनारा भएको दुई त्रिकोण अलिकति जोरिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोण युक्त सूर्यको सेतो आकार अंकित भएको, परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो । सो झण्डा बनाउने तरीका र तत्सम्बन्धी अरु विवरण अनुसूची १ मा दिइएको छ ।

६. राष्ट्रिय गान, इत्यादि : (१) अनुसूची २ मा लेखिए बमोजिमको श्री ५ को सलामी नेपालको राष्ट्रिय गान हो ।

(२) नेपालको राष्ट्रिय फूल लालीगुराँस, राष्ट्रिय रङ्ग सिम्रिक, राष्ट्रिय जनावर गाई र राष्ट्रिय पंछी डाँफे हो ।

(३) नेपालको निसाना-छाप अनुसूची ३ मा अंकित भए बमोजिमको हुनेछ ।

तर सो निसाना-छाप आवश्यकतानुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ र त्यसमा श्री ५ को सरकारबाट निर्धारित रङ्ग प्रयोग हुन सक्नेछ ।

## भाग २

७. संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता : नेपालमा स्थायी वासस्थान भएको देहायको प्रत्येक व्यक्ति यो संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्नेछ :-

(क) जो नेपालमा जन्मेको हो ;

(ख) जसको आमा बाबुमा एकजना नेपालमा जन्मेको हो ;

(ग) नेपालको कानून वा रीत बमोजिम नेपालको नागरिकका साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नीमानिस ; वा

(घ) नेपालको कानून बमोजिम जसले नागरिकताको प्रमाणपत्र लिइसकेको छ ।

---

● तेस्रो संशोधनद्वारा संशोधित ।

८. नागरिकताको प्राप्ति र समाप्ति कानून बमोजिम निर्धारित हुने :

(१) यो संविधान प्रारम्भ भएपछि नेपालको नागरिकताको प्राप्ति, समाप्ति र तत्सम्बन्धी अरु कुरा कानूनले निर्धारित गरे बमोजिम हुनेछ ।

(२) उपधारा (१) बमोजिम कानून बनाउँदा, अरु कुराका अतिरिक्त, विदेशीलाई नागरिकताको प्राप्ति देहाएका कुराका आधारमा हुन सक्ने शर्त राखिनेछ :-

(क) नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जान्ने ;

(ख) नेपालमा कुनै व्यवसाय गरी बसेको ;

(ग) अन्य राज्यको नागरिकता त्याग्न कारवाई चलाएको ;⁓......

♦(घ) कानूनमा व्यवस्था भए बमोजिमको नेपाली उत्पत्तिका व्यक्तिको हकमा कम्तीमा दुई बर्ष,•नेपाली नागरिकसंग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागे पछि र अरुको हकमा कम्तीमा पन्ध्र वर्षको अवधिसम्म नेपालमा बसोबास गरेको ; +र

†(ङ) खण्ड (क), (ख) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकगताको लागि आवेदन गरेको वा खण्ड (क), (ख), (ग) र (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्ने ।

(३) उपधारा (१) बमोजिम कानून बनाउँदा, अरु कुराका अतिरिक्त, नागरिकताको समाप्ति देहायका कुराको आधारमा हुन सक्ने शर्त राखिनेछ :-

(क) नेपालको विरुद्ध हातहतियार उठाएको वा उठाउने कुचेष्टा गरेको वा राज्यका विरुद्ध अन्य अपराध गरेको ; वा

(ख) युद्धको समयमा वा अन्य संकटकालीन अवस्थामा कानूनद्वार निर्धारण गरिए अनुसार राज्यको सेवा नगरेको वा सेवा गर्न नखोजेको ।

## भाग ३

### मौलिक कर्तव्य र हक

• ९. नागरिकहरुको मूल कर्तव्य : देहाय बमोजिम गर्नु प्रत्येक नागरिकको मूल कर्तव्य हो :-

---

⁓ संविधानको तेस्रो संशोधनद्वारा झिकिएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

† संविधानको तेस्रो संशोधनद्वारा थप ।

(क) नेपाल अधिराज्यप्रति आस्था र वफादारी राख्नु;

(ख) कानूनको मर्यादा राखी आफ्नो हकको प्रयोग अरुको हकको हनन नहुने गरी गर्नु

(ग) संविधान बमोजिमको व्यवस्था पालन गर्नु ; र

(घ) नेपालको सार्वभौमसत्ता, अखण्डता र एकतामा खलल पर्ने गरी जात , जाति, क्षेत्र, सम्प्रदाय, वर्ग, धर्म वा त्यस्तै प्रकारका अन्य आधारमा घृणा, द्वेष, अवहेलना, हिंसात्मक कार्य वा सार्वजनिक वा व्यक्तिगत सम्पत्तिको हानी नोक्सानी हुने कार्य नगरी समाजमा सामञ्जस्य कायम गर्नु ।

१०. <u>समानताको हक</u> : (१) सबै नागरिक कानूनको समान संरक्षणका हकदार हुनेछन् ।

(२) सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जात, जाति वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव गरिने छैन ।

(३) सरकारी सेवा वा अरु कुनै सार्वजनिक सेवाको नियुक्तिमा कुनै पनि नागरिकमाथि केवल धर्म, वर्ण, लिङ्ग, जात, जाति वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव हुनेछैन ।

११. <u>स्वतन्त्रताको हक</u> : (१) कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन ।

[o](२) सबै नागरिकलाई यो भागमा लेखिएका अन्य कुराहरुका अधीनमा रही निम्नलिखित स्वतन्त्रताको हक प्राप्त हुनेछ :-

(क) वाक् र प्रकाशन स्वतन्त्रता ;

(ख) शान्तिपूर्वक र बिना हतियार भेला हुने स्वतन्त्रता;

(ग) संघ र संस्था खोल्ने स्वतन्त्रता;

(घ) नेपालको कुनै भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता; र

(ङ) सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गरी वा अरु किसिमले उठाउन पाउने स्वतन्त्रता ।

[♣](२क) उपधारा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघ र संस्था खोल्न, खोलाउन वा चलाउन पाउने छैन ।

(३) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेको वापतमा कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन ।

---

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

♣ संविधानको पहिलो संशोधनद्वारा थप ।

(४) कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एक पटक भन्दा बढ्ता मुद्दा चलाइने र सजाय गरिने छैन ।

(५) कुनै कसूरको अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरुद्धमा बयान दिन कर लगाइने छैन ।

(६) कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो, नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानूनी व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन ।

स्पष्टीकरण - यस उपधाराको प्रयोजनको निमित्त "कानूनी व्यवसायी" भन्नाले कुनै अदालतमा कुनै व्यक्तिको प्रतिनिधित्व गर्न तत्काल प्रचलित कानूनले अधिकार दिएको जुनसुकै व्यक्तिलाई समेत जनाउँछ ।

(७) गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएको ठाँउबाट बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न हुँदैन ।

(८) उपधारा (६) र (७) मा लेखिएका कुरा देहायका व्यक्तिलाई लागू हुने छैन :-

(क) शत्रु राज्यको नागरिक ; वा

(ख) निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत गिरफ्तार भएको वा नजरबन्द भएको व्यक्ति ।

१२. देशनिकाला विरुद्धको हक : कुनै पनि नागरिकलाई देशनिकाला गरिने छैन ।

१३. शोषण विरुद्धको हक : मानिसको बेचबिखन, दासत्व र मानिसलाई कुनै किसिमको जबरजस्ती काम गराउन निषेध गरिएको छ ।

तर सार्वजनिक प्रयोजनको लागि कानूनद्वारा अनिवार्य सेवाको व्यवस्था गर्न बाधा पर्ने छैन ।

१४. धर्म सम्बन्धी हक : प्रत्येक व्यक्तिले परम्पराको मर्यादा राखी सनातनदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन र आफ्नो धार्मिक कृत्य गर्न पाउनेछ ।

तर कसैले कसैको धर्म परिवर्तन गराउन पाउने छैन ।

१५. सम्पत्तिको हक : कानून बमोजिम वाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन ।

१६. संवैधानिक उपचारको हक : यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ७१ मा लेखिएको तरीका अनुसार कारबाही चलाउन पाउने हक सुरक्षित गरिएको छ ।

१७. सार्वजनिक हितको निमित्त मौलिक हकको प्रयोगमा बन्देज :(१) यस भागमा लेखिएका हकहरुको प्रयोगलाई सार्वजनिक हितको निमित्त व्यवस्थित वा नियन्त्रित गर्नका लागि कानून बनाउन सकिनेछ ।

(२) देहायको कुनै वा सबै उद्देश्यले बनेको भनी कुनै ऐनको प्रस्तावनामा लेखिएकोछ भने त्यस्तो ऐन वा त्यस अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सार्वजनिक हितको निमित्त बनेको कानून मानिनेछ :-

(क) नेपालको सुरक्षा कायम राख्न ;

(ख) शान्ति र व्यवस्था कायम राख्न ;

(ग) विदेशी राज्यहरुसंग मित्रताको सम्बन्ध कायम राख्न ;

(घ) विभिन्न वर्ग, पेशा वा क्षेत्रका जनताका बीच सुसम्बन्ध कायम राख्न;

(ङ) सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित, शिष्टाचार वा नैतिकता कायम राख्न ;

(च) बालक वा स्वास्नीमानिसको हितको संरक्षण गर्न;

(छ) आन्तरिक अशान्ति वा बाह्य आक्रमण रोक्न ;

(ज) अदालत वा राष्ट्रिय पञ्चायतको अवहेलना हुन दिनबाट रोक्न ;˘...

(झ) यो संविधान वा तत्काल प्रचलित अन्य कानूनको व्यवस्था उल्टाउने कुचेष्टा वा अरु कुनै त्यस्तो कुचेष्टा रोक्न ; • र

□(ञ) मौलिक कर्तव्य पालना गराउन ।

## ०भाग ४

### पञ्चायत प्रणालीका निर्देशक सिद्धान्तहरु

१८. सिद्धान्तको प्रयोग : यस भागमा लेखिएका सिद्धान्तहरु सामान्य मार्ग प्रदर्शनका लागि हुन् र तिनलाई कुनै अदालतद्वारा लागू गरिने छैन ।

१९. उद्देश्य र लक्ष्य : व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्ग र व्यवसायको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्नु पञ्चायत प्रणालीको उद्देश्य हुनेछ ।

(२) साधारण जनतालाई जागरुक र चेतनशील बनाई क्रमिक विकेन्द्रीकरणद्वारा प्रत्येक तहको शासनमा जनप्रतिनिधिहरुलाई अधिकाधिक मात्रामा सम्मिलित गराई देशको प्रतिभा र साधनलाई सकभर

˘ संविधानको तेस्रो संशोधनद्वारा "र" शब्द झिकिएको ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप ।

० संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

बढी मात्रामा र स्वेच्छाले उपधारा (१) अनुरुपको समाजको सृजना गर्ने काममा, परिचालन गर्नु पञ्चायत प्रणालीको राजनैतिक लक्ष्य हुनेछ ।

•(३) उपधारा (१) मा उल्लिखित समाजको सृजना गर्ने काममा साधारण जनतालाई क्रियाशील तुल्याउने मार्गमा रहेका बाधाहरु हटाई सामञ्जस्पूर्ण नैतिकतामा आधारित सामाजिक जीवनको स्थापना गर्नु तथा परापूर्वकालदेखि नेपालको समृद्धि तथा वैभव र राष्ट्रिय चरित्रको रुपमा नेपाली नागरीकले अवलम्वन गरी आएको नेपालको संस्कृति र परम्परागत मान्यताप्रति रही आएको पारस्परिक सुमधुर सहिष्णुतालाई कदर गर्दै राष्ट्रिय एकता कायम गर्नु पञ्चायत प्रणालीको सामाजिक लक्ष्य हुनेछ ।

•(४) उपधारा (१) मा उल्लिखित समाजको सृजना गर्ने काममा देशको आर्थिक उन्नतिमा जनसाधारणलाई सकभर बढी मात्रामा सम्मिलित गराई निजी उद्यमलाई समेत उचित प्रश्रय दिई कुनै पनि वर्ग वा व्यक्तिद्वारा अन्य कुनै वर्ग वा व्यक्तिमा अनुचित आर्थिक दवा हुन नदिने गर्न र नेपाली जन-जीवनका सबै क्षेत्रबाट निजी उद्योगको रुपमा लगानी गर्न प्रोत्साहन दिई साझा संस्थाहरुलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशीलाको रुपमा स्थापना गर्न त्यस्ता साझा संस्थाहरुलाई सर्वसाधारण जनताको उद्योग व्यवसायको रुपमा विकसित गराई आर्थिक लाभ र सुविधा उपभोग गर्न पाउने गरी प्रोत्साहन दिने व्यवस्था समेत गर्नु पञ्चायत प्रणालीको आर्थिक लक्ष्य हुनेछ ।

□(५) नेपालको प्राकृतिक स्रोत तथा सम्पदालाई उपयोगी र लाभदायी हुने गरी तिनको न्यायोचित रुपमा परिचालन गरी समान अवसरको आधारमा नेपाल अधिराज्यका विभिन्न क्षेत्र बीच सन्तुलित विकास गर्ने प्रयास गरी सबै क्षेत्रका जनतालाई समान स्थितिमा ल्याउन उचित सुविधाहरु प्रदान गर्ने प्रयास गरी नेपाली ग्रामीण जनताको आधारभूत आवश्यकता पूरा गर्ने हेतुले आर्थिक विकासलाई अघि बढाउन जोड दिनु पञ्चायत प्रणालीको विकासको लक्ष्य हुनेछ ।

□(६) संयुक्त राष्ट्र संघको मूलभूत मान्यता तथा असंलग्नताको सिद्धान्तलाई अवलम्वन गरी नेपाललाई शान्तिक्षेत्र बनाउने प्रयास गर्नु पञ्चायत प्रणालीको परराष्ट्र नीतिको लक्ष्य हुनेछ ।

## भाग ५

### श्री ५

२०. अधिकारको स्रोत श्री ५:(१) यो संविधानमा “श्री ५” भन्ने शब्दले ♦श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाहका वंशज आर्य संस्कृतिका अनुयायी हिन्दू धर्मवलम्वी गद्दीनसीन श्री ५ महाराजाधिराज लाई सम्बोधन गरेको सम्झनु पर्दछ ।

(२) नेपालको सार्वभौमसत्ता श्री ५ मा निहित रहेको छ र कार्यकारिणी, व्यवस्थापिका र न्याय सम्बन्धी सबै अधिकार मौसूफबाट निःसृत हुन्छन् । शाह राजवंशको उच्चतम परम्परा अनुसार प्रजाको

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

हित र इच्छाको विचार गरी श्री ५ बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्थापित अंगहरुद्वारा सो अधिकारहरु प्रयोग गरिबक्सिन्छ ।

†२०क. <u>समन्वय परिषद्</u> : (१) दलविहिन प्रजातान्त्रिक पञ्चायत प्रणालीद्वारा सबै नेपालीलाई एकै सूत्रमा गाँसी देशको सुरक्षा, सुव्यवस्था, शान्ति र न्याय कायम गरी राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता तथा अखण्डताको संरक्षण गरी श्री ५ को कार्यकारिणी, व्यवस्थापिका, न्याय सम्बन्धी तथा अन्य कार्यप्रणालीमा समन्वय कायम राख्न श्री ५ बाट चाहिबक्सेमा एउटा समन्वय परिषद्को गठन गरिबक्सन सकिबक्सनेछ ।

(२) समन्वय परिषद्को गठन, काम, कर्तव्य र कार्यप्रणाली समेत अन्य आवश्यक विषयमा श्री ५ बाट स्वीकृत नियमावली बमोजिम हुनेछ र यो नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन पाइनेछैन ।

२१. <u>राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून</u> : (१) यस संविधानको कुनै कुराले पनि श्री ५ का वंशजहरुको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परालाई असर पार्ने छैन ।

(२) श्री ५ का वंशजहरुको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून बनाउने, संशोधन गर्ने र खारेज गर्ने सम्पूर्ण अधिकार श्री ५ मा मात्र रहनेछ ।

o२२. <u>राज्यसहायक, राज्यसहायक परिषद्, राजप्रतिनिधि र राज प्रतिनिधि परिषद्</u> : यस संविधानमा श्री ५ लाई सम्बोधन हुने शब्दले, विषय वा प्रसङ्ग अनुसार अर्को अर्थ नलागेमा, अधिकार पाएको राज्य सहायक वा राज्यसहायक परिषद्लाई र ♦<u>धारा २२ क.</u> बमोजिम अधिकार प्रयोग गर्ने राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्लाई पनि जनाउँछ ।

◊२२क. <u>राजप्रतिनिधि र राजप्रतिनिधि परिषद्</u>: श्री ५ बाट मौसूफ नेपाल बाहिर रहिबक्सेको अवधि वा कुनै तोकिएको अवधिसम्मको निमित्त लालमोहरले प्रमाणित गरिबक्सेको अधिकार पत्रमा तोकिएको शर्तको अधीनमा रही मौसूफबाट गरिबक्सने दैनिक कार्य सञ्चालन गर्न राजप्रतिनिधि नियुक्त गरिबक्सी वा राजप्रतिनिधि परिषद् गठन गरिबक्सी अख्तियार दिन सकिबक्सनेछ । त्यस्तो राजप्रतिनिधि वा राजप्रतिनिधि परिषद्ले अधिकार पत्रमा तोकिएको शर्त तथा परिधि अन्तर्गत रही गरेको कार्य यस संविधानको उद्देश्यका लागि श्री ५ बाट भए सरह मानिने छ ।

⌣२२ख. <u>श्री ५ को झण्डा</u> :चतुरस्त्र आकार, सिम्रिक रङ्गको भूइँ, सेतो किनारा, झण्डाको दण्डीतिरको माथिल्लो कुनामा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार, दण्डीको पल्लापट्टिको माथिल्लो कुनामा बाह्रकोणयुक्त सूर्यको सेतो आकार, मध्य भागमा पञ्चतत्वको प्रतिक पारेर रखाङ्कन गरिएको सेतो झण्डा रहेको र सो झण्डाको दण्डीलाई अगाडिको दुबै हातले समाती पछाडिको दायाँ खुट्टाले

---

† संविधानको तेस्रो संशोधनद्वारा थप । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

◊ संविधानको दोस्रो संशोधनद्वारा धारा ८६ लाई धारा २२ क गरी स्थान्तर गरिएको ।

⌣ संविधानको दोस्रो संशोधनद्वारा थप ।

दण्डीको फेदलाई आड दिई सम्मुख मुख पारी उभिएको सेतो सिंह भएको परम्परागत झण्डा श्री ५ को झण्डा हो ।

## भाग ६

### राजसभा

२३. राजसभा :(१) नेपालमा एक राजसभा रहनेछ जसको काम यस संविधानमा लेखिए बमोजिम हुनेछ ।

•(२) राजसभामा देहायका व्यक्तिहरु रहनेछन् :-

(क) श्री ५ बाट तोकिबक्सेका राजपरिवारका सदस्य;

(ख) प्रधान मन्त्री पदेन सदस्य ;

(ग) प्रधान न्यायाधीश पदेन सदस्य ;

(घ) राष्ट्रिय पञ्चायतका अध्यक्ष पदेन सदस्य ;

(ङ) उपप्रधान मन्त्री पदेन सदस्य ;

(च) मन्त्रीहरु पदेन सदस्य ;

(छ) बडागुरुज्यू पदेन सदस्य ;

(ज) नायब बडागुरुज्यू पदेन सदस्य ;

(झ) प्रधान सेनापति पदेन सदस्य ;

(ञ) मुख्य साहेवज्यू पदेन सदस्य ;

(ट) अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त पदेन सदस्य ;

(ठ) महालेखा परीक्षक पदेन सदस्य ;

(ड) लोक सेवा आयोगका अध्यक्ष पदेन सदस्य ;

(ढ) प्रमुख निर्वाचन आयुक्त पदेन सदस्य ;

(ण) महान्यायाधिवक्ता पदेन सदस्य ;

(त) मूल पुरोहित पदेन सदस्य ;

(थ) मुख्य चौतरिया पदेन सदस्य ;

(द) श्री ५ बाट तोकिबक्सेका श्री ५ का कर्मचारी ;

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

(ध) श्री ५ बाट तोकिबक्सेका श्री ५ को सरकारको मुख्य सचिव तथा सचिव; र

(न) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका वा राष्ट्रको विशेष सेवा गरेका व्यक्तिहरुमध्येबाट वा राजसभाका सदस्यताको निमित्त उपयुक्त सम्झिबक्सी श्री ५ बाट नियुक्त गरिबक्सेका अन्य सदस्य ।

•(३) उपधारा (२) को खण्ड (क), (द), (ध) र (न) बमोजिम नियुक्त भएका व्यक्ति श्री ५ को इच्छानुसारको अवधिसम्म सदस्य रहनेछन् ।

(४) राजसभाको बैठक श्री ५ बाट बक्सेको आदेश अनुसार बोलाइने छ र मौसूफ उपस्थित होइबक्सेमा मौसूफबाट सभापतिको आसन ग्रहण गरिबक्सनेछ । मौसूफको अनुपस्थितिमा श्री ५ युवाराजाधिराज अठार वर्ष पुगिबक्सेको रहेछ भने मौसूफ युवराजाधिराजबाट सभापतिको आसन ग्रहण गरिबक्सनेछ र मौसूफ अठार वर्ष नपुगिबक्सेको भए श्री ५ बाट साधारण तबरले वा खास तवरले मनोनित गरिबक्सेको उपसभापतिले, र त्यसरी उपसभापति मनोनित नभएको अवस्थामा राजसभाको सो वैठकमा प्रस्तावद्वारा निर्णय गरिएको सदस्यले, बैठकको सभापतित्व गर्नेछ ।

(५) उपधारा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि निम्नलिखित अवस्थामा राजसभाको बैठक राजसभाका सचिवले बोलाउने छन् र त्यसरी बोलाइएको बैठकमा उक्त बैठकले प्रस्तावद्वारा निर्णय गरेको व्यक्तिले सभापतित्व गर्नेछ :-

(क) श्री ५ को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेको घोषणा गरिबक्सेमा; वा

(ख) श्री ५ मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा बैठक बोलाउन आदेश बक्सन असमर्थ होइबक्सेकोछ भनी राजसभाको सम्पूर्ण सदस्य संख्याको कम्तीमा चार खण्डको एक खण्ड सदस्यहरुले (जसमध्ये कम्तीमा चारजना मन्त्रीहरु हुनु पर्दछ) हस्ताक्षर गरी माँग गरेमा ।

(६) (क) उपधारा (५) को खण्ड (क) को अवस्थामा बोलाइएको बैठकको राजगद्दी-उत्तराधिकार सम्बन्धी कानून, रीत र परम्परा अनुसार श्री ५ को उत्तराधिकारीको राज्यारोहणको घोषणा गर्नेछ ; र

♦(ख) सो बैठकले श्री ५ को उमेर अठार वर्षभन्दा कम भएमा श्री ५ बाट बनाइबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषणा भएको राज्यसहायक वा राज्यसहायक परिषद् श्री ५ अठार वर्ष पुगिबक्सेपछि कायम रहने छैन ।

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।
नोट : धारा २३ को उपधारा (३) मा संविधानको पहिलो र दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

(७) (क) उपधारा (५) को खण्ड (ख) को अवस्थामा बोलाइएको बैठकले श्री ५ मानसिक वा शारीरिक अशक्तावस्थाले गर्दा राजसभाको बैठक बोलाउने आदेश बक्सन असमर्थ भइबक्सेको हो वा होइन भन्ने निर्णय गर्नेछ ; र

♦(ख) राजसभाले हो भनी सम्पूर्ण सदस्य संख्याको कम्तीमा तीन खण्डको दुई खण्ड बहुमतले निर्णय गरेमा श्री ५ युवराजाधिराज अठार वर्ष पुगिवक्सेको रहेछ भने मौसूफलाई राज्यसहायक घोषणा गर्नेछ र अरु अवस्थामा श्री ५ बाट बनाइबक्सेको नियमको अधीनमा रही राज्यसहायक वा राज्यसहायक परिषद्को घोषणा गर्नेछ ।

तर यस खण्ड बमोजिम घोषण गरिएको राज्यसहायक वा राज्यसहायक परिषद् श्री ५ को स्वर्गवास भएमा वा मौसूफबाट राजगद्दी परित्याग गरिबक्सेमा वा पुनः राजकीय कार्यभार बहन गर्न समर्थ होइबक्सिन्छ भनी मौसूफबाट राजसभालाई सूचना बक्सेमा श्री ५ बाट बनाइबक्सेको नियमको अधीनमा रही कायम रहने छैन ।

(८) उपधारा (६) वा (७) बमोजिम घोषणा गरिएको राज्यसहायक वा राज्यसहायक परिषद्लाई श्री ५ वा मौसूफका उत्तराधिकारीको हितको प्रतिकूल कुनै निर्णय गर्ने वा स्वीकृति प्रदान गर्ने अधिकार हुने छैन ।

(९) उपधारा (६) को खण्ड (क) मा भएको कुनै पनि कुराले त्यस्तो घोषणा जारी नभएसम्म श्री ५ को उत्तराधिकारीलाई राजगद्दीको अधिकार प्रयोग गरिबक्सनमा बाधा पुऱ्याउने छैन ।

(१०) (क) उपधारा (५), (६) र (७) मा लेखिएदेखि बाहेकका यो संविधान बमोजिम राजसभाले गर्ने अरु काम श्री ५ बाट तोकिबक्सेका राजसभाका सातदेखि पन्ध्र जनासम्म सदस्य भएको एउटा स्थायी समितिले राजसभाका नाममा गर्न सक्नेछ ।

तर श्री ५ बाट चाहिबक्सेमा स्थायी समितिले राजसभाको नाममा गरेको कुनै निर्णय राजसभाको बैठकमा विचारार्थ पेश गराउन बाधा पर्ने छैन ।

०(ख) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिको सभापतित्व श्री ५ बाट स्वयं गरिबक्सनेछ वा मौसूफबाट सो समितिको कुनै सदस्यलाई सभापति तोकिबक्सनेछ र राजसभाको सचिव नै स्थायी समितिको सचिव हुनेछन् ।

(ग) राजसभा स्थायी समितिका सदस्यहरुको कार्यकाल चार वर्षको हुनेछ र निजहरुले श्री ५ बाट तोकिबक्से बमोजिमको पारिश्रमिक पाउनेछन् ।

तर स्थायी समितिका सदस्यले श्री ५ मा आफ्नो पदबाट लिखित राजीनामा चढाउन सक्नेछन् वा श्री ५ बाट चाहिबक्सेमा निजलाई स्थायी समितिको सदस्यताबाट हटाउन सकिबक्सनेछ ।

---

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

० संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

(घ) खण्ड (क) मा उल्लेख भएको स्थायी समितिले चाहेमा कुनै कुरामाथि छलफल गर्दा, आफ्नो बैठकमा, राजसभाका अरु सदस्यलाई पनि सम्मिलित गर्न सक्नेछ ।

(११) राजसभा वा त्यसको स्थायी समितिको कुनै पनि बैठकमा सदस्यहरु मध्येबाट केही अनुपस्थित रहे पनि काम चालू रहनेछ यदि-

(क) सूचना जारी हुने दिनसम्ममा भएका सबै सदस्यलाई बैठक हुने सूचना पठाएकोछ भने वा त्यसतो सूचना नेपाल [Δ]राजपत्रमा प्रकाशित गरिएकोछ भने; र

(ख) सदस्यसंख्याको कम्तीमा तीन खण्डको एक खण्ड सदस्य उपस्थित रहन्छन् भने ।

(१२) श्री ५ बाट राजसभासंग परामर्श गरिबक्सने भनी यो संविधानमा लेखिएको अतिरिक्त मौसूफको अरु कार्य सम्पादनको सिल-सिलामा पनि राजसभासंग परामर्श लिन सकिबक्सनेछ ।

(१३) अन्यथा व्यवस्था भएकोमा बाहेक राजसभा वा त्यसको स्थायी समितिको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ ।

(१४) राजसभा वा त्यसको स्थायी समितिले यस धाराको अधीनमा रही आफ्नो कार्य सञ्चालन व्यवस्थित गर्ने नियमहरु बनाउन सक्नेछ र त्यसरी नियमहरु नबनुञ्जेलसम्म श्री ५ बाट बनाइबक्सेको नियमहरुद्वारा व्यवस्थित हुनेछ ।

(१५) राजसभाको सचिव श्री ५ बाट नियुक्त गरिबक्सनेछ ।

(१६) राजसभाका सदस्यहरुले श्री ५ बाट निर्धारित रुपमा शपथ लिनेछन् ।

## भाग ७

### मन्त्रिपरिषद्

२४. कार्यकारिणी अधिकारको प्रयोग : (१) नेपालको कार्यकारिणी अधिकार श्री ५ बाट यो संविधान र तत्काल प्रचलित अन्य कानून बमोजिम स्वयं वा मन्त्रीहरुद्वारा वा मौसूफको मातहतका अन्य कर्मचारीहरुद्वारा प्रयोग गरिबक्सनेछ ।

(२) यस संविधानको व्यवस्था अनुसार श्री ५ बाट कुनै व्यक्ति वा अधिकारीसंग परामर्श गरिबक्सेको छ छैन र कुनै व्यक्ति वा अधिकारिले श्री ५ मा कुनै सल्लाह वा सिफारिस पेश गरेको छ

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

छैन र पेश गरेको भए के कस्तो सल्लाह वा सिफारिस पेश गरेकोछ भन्ने प्रश्न कुनै पनि अदालतमा उठाईने छैन ।

(३) यस संविधानम अनुसार श्री ५ बाट गरिबक्सने सबै कार्यकारिणी काम, उपधारा (४) अन्तर्गतको नियममा श्री ५ को नाममा हुने भनी लेखिएमा बाहेक, श्री ५ को सरकारको नाममा हुनेछ ।

(४) श्री ५ को वा श्री ५ को सरकारको नाममा तयार भई कार्यान्वित हुने आदेश, निर्णय र अरु अधिकारपत्रहरु श्री ५ बाट बनाइवक्सने नियम बमोजिम प्रमाणित गरिनेछन् र त्यसरी प्रमाणित भएको आदेश, निर्णय वा अधिकारपत्र श्री ५ बाट वा श्री ५ को सरकारबाट तयार गराएको वा कार्यान्वित भएको होइन भनी त्यस्तो आदेश, निर्णय वा अधिकारपत्र बारे कुनै प्रश्न उठाइने छैन ।

•२५. <u>मन्त्रिपरिषद्को गठन र कार्य</u> : (१) श्री ५ का हजूरमा मौसूफको कार्य सम्पादनमा सहायता र सल्लाह टक्रयाउन एक मन्त्रिपरिषद् रहनेछ । यो संविधान, तत्काल प्रचलित अन्य कानून र श्री ५ बाट नेपाल र नेपालीको हितका लागि समय समयमा बक्सेको मार्गदर्शनका अधीनमा रही मुलुकको दैनिक प्रशासनमा निर्देशन र नियन्त्रण गर्नु मन्त्रिपरिषद्को कर्तव्य हुनेछ ।

(२) मन्त्रिपरिषद्मा आवश्यकता अनुसार श्री ५ का प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरु रहनेछन् ।

(३) श्री ५ बाट प्रधान मन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन गरिबक्सनेछ ।

•२६. <u>श्री ५ का मन्त्रीहरु</u> : (१) राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्यसंख्याको कम्तीमा पच्चीस प्रतिशत राष्ट्रिय पञ्चायतका सदस्यहरुले प्रस्ताव र समर्थन गरेको राष्ट्रिय पञ्चायतको कुनै सदस्य प्रधान मन्त्री पदको लागि उम्मेदवार हुन सक्नेछ । त्यस्तो उम्मेदवार एकजना मात्र भई निर्विरोध छानिएमा वा एकभन्दा बढी उम्मेदवार भएमा राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको कम्तीमा साठी प्रतिशत वा सोभन्दा बढी बहुमतद्वारा निर्वाचित व्यक्तिलाई श्री ५ का हजूरमा प्रधान मन्त्री पदको लागि सिफारिस चढाउनु पर्नेछ । त्यसरी सिफारिस गरिएको व्यक्तिलाई मौसूफबाट प्रधान मन्त्रीको पदमा नियुक्त गरिबक्सनेछ ।

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।
नोटः- (१) धारा २५ मा संविधानको पहिलो र दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

तर-

(क) यो उपधारा बमोजिम निर्वाचन हुँदा दुई जना मात्र उम्मेदवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सो दुई जना वा दूईभन्दा वढी उमेम्दवार भई आवश्यक बहुमत प्राप्त गर्न नसकेको अवस्थामा सोमध्ये बढी मत प्राप्त गर्ने पहिलो र दोस्रो वा बढी मत प्राप्त गरी मत बराबर हुने दुवै जना उमेम्दवारहरुलाई कायमै राखी अरु उम्मेदवारको नाम उम्मेदवारबाट हटाई पुन : निर्वाचन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) अनुसार पुन : निर्वाचन हुँदा पनि आवश्यक बहुमत प्राप्तगर्न नसकेको अवस्थामा श्री ५ का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरुमध्येबाट तीन जना व्यक्तिको नाम मात्र प्रधान मन्त्री पदको लागि सिफारिस चढाउनु पर्नेछ । त्यस्तो सिफारिशमा एक जना व्यक्तिलाई प्रधान मन्त्री पदमा मौसूफबाट नियुक्त गरिबक्सन सकिबक्सनेछ ।

(ग) यो उपधारा अनुसार गरिने निर्वाचनका सम्बन्धमा अन्य आवश्यक कुरा राष्ट्रिय पञ्चायत नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) श्री ५ बाट प्रधान मन्त्रीको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरुमध्येबाट आवश्यकता अनुसार उपप्रधान मन्त्री र अन्य मन्त्रीहरु नियुक्त गरिबक्सन सकिबक्सनेछ ।

(३) प्रधान मन्त्री, उपप्रधान मन्त्री र अन्य मन्त्रीहरु राष्ट्रिय पञ्चायत प्रति सामुहिक तथा व्यक्तिगत रुपमा आफ्नो मन्त्रालयको कामको लागि उत्तरदायी हुनेछन् ।

(४) प्रधान मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा;

(ग) आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी निज उपर राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेमा; वा

(घ) श्री ५ बाट हटाइवक्सेमा ।

(५) उपप्रधान मन्त्री वा अन्य मन्त्री देहायको अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्:-

(क) उपधारा (४) को खण्ड (ख), (ग) र (घ) मा लेखिएको अवस्थामा;

(ख) श्री ५ का हजूरमा प्रधान मन्त्री मार्फत चढाएको लिखित राजीनामा स्वीकृत भएमा ; वा

(ग) प्रधान मन्त्री आफ्नो पदवाट मुक्त भएको अवस्थामा ।

•२६क. श्री ५ का राज्य मन्त्री : (१) श्री ५ बाट प्रधान मन्त्रीको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरुमध्येबाट आवश्यकतानुसार राज्य मन्त्रीहरु नियुक्त गरिवक्सन सकिबक्सनेछ ।

(२) उपधारा (१) बमोजिम नियुक्त भएका राज्य मन्त्रीलाई मन्त्री सरह कार्यभार सम्हाल्ने गरी कुनै मन्त्रालय वा कामको जिम्मा सुम्पन सकिनेछ र यस संविधान एवं अन्य कुनै पनि कानूनको प्रयोजनको निमित्त त्यस्तो राज्य मन्त्रीलाई मन्त्री सरह कार्यभार सम्हालेको मानिनेछ ।

(३) राज्य मन्त्री देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन्

(क) धारा २६ को उपधारा (४) को खण्ड (ख) र (घ) को अवस्थामा ;

(ख) उपधारा (२) अनुसार मन्त्री सरह कार्यभार सम्हाल्ने राज्य मन्त्रीको हकमा धारा २६ को उपधारा (४) को खण्ड (ग) को अवस्थामा ;

नेपाल कानून आयोग

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।
नोटः- (१) धारा २६क संविधानको पहिलो संशोधनद्धारा थप भएको र सो धारा को उपधारा (२) मा संविधानको दोस्रो संशोधनद्धारा पनि संशोधन भएको ।

(ग) श्री ५ का हजूरमा प्रधान मन्त्री मार्फत चढाएको लिखित राजीनामा स्वीकृत भएमा ; वा

(घ) प्रधान मन्त्री आफ्नो पदबाट मुक्त भएको अवस्थामा ।

•२७. <u>श्री ५ का सहायक मन्त्री</u> : (१) श्री ५ बाट मौसूफका प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री वा राज्य मन्त्रीलाई कार्यभार सञ्चालन गर्न आवश्यकता अनुसार सहायता दिनका निमित्त प्रधान मन्त्रीको सिफारिशमा राष्ट्रिय पञ्चायतका सदस्यहरुमध्येबाट सहायक मन्त्रीहरु नियुक्त गरिबक्सन सकिबक्सनेछ ।

(२) सहायक मन्त्रीहरु देहायका अवस्थामा आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) धारा २६ को उपधारा (४) को खण्ड (ख) र (घ) को अवस्थामा ।

(ख) श्री ५ का हजुरमा प्रधान मन्त्री मार्फत चढाएको लिखित राजीनामा स्वीकृत भएमा;वा

(ग) प्रधान मन्त्री आफ्नो पदबाट मुक्त भएको अवस्थामा ।

०२८. <u>पारिश्रमिक</u> : श्री ५ का मन्त्रीहरु, राज्य मन्त्रीहरु र सहायक मन्त्रीहरुको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

२९. <u>सरकारी कार्य सञ्चालन</u> : (१) श्री ५ को सरकारको कार्य विभाजन र कार्य सम्पादन श्री ५ बाट स्वीकृत नियमावली बमोजिम हुनेछ ।

(२) उपधारा (१) अन्तर्गतको नियमावलीको पालना भयो भएन भन्ने सवाल जवाफ कुनै अदालतमा हुने छैन ।

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।
नोटः- धारा २७ को उपधारा (२) मा संविधानको पहिलो र दोस्रो संशोधनद्धारा पनि संशोधन भएको ।

० संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

# भाग ८

## स्थानीय पञ्चायतहरु र राष्ट्रिय पञ्चायत

### परिच्छेद १

### स्थानीय पञ्चायतहरु

♦३०. गाउँ सभा र नगर सभा : (१) कानून बमोजिम तोकिएको कुनै एक गाउँ वा गाउँको भाग वा गाउँहरुको समूहमा गाउँ सभा र नगरमा नगर सभा रहनेछ ।

(२) गाउँ सभा र नगर सभाको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।

♦३१. गाउँ पञ्चायत र नगर पञ्चायत : (१) प्रत्येक गाउँ सभा र नगर सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई क्रमशः गाउँ पञ्चायत र नगर पञ्चायत भनिनेछ ।

(२) गाउँ पञ्चायत र नगर पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।

३२. जिल्ला पञ्चायत : ♦(१) प्रत्येक जिल्लामा एउटा जिल्ला सभा रहनेछ ।

♦(२) प्रत्येक जिल्ला सभाको एउटा कार्यकारिणी समिति रहनेछ जसलाई जिल्ला पञ्चायत भनिनेछ ।

(३) जिल्ला सभा र जिल्ला पञ्चायतको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।

♦३३. अञ्चल सभा : अञ्चल भित्रका जिल्ला पञ्चायतहरुका सम्पूर्ण सदस्यहरुको समूहलाई अञ्चल सभा भनिनेछ ।

### परिच्छेद २

### राष्ट्रिय पञ्चायत

•३४. राष्ट्रिय पञ्चायतको गठन : (१) नेपालमा दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सबभन्दा माथिल्लो पञ्चायतको तह राष्ट्रिय व्यवस्थापिकाको रुपमा एउटा राष्ट्रिय पञ्चायत रहनेछ, जसको गठन, काम, कर्तव्य र अधिकार यो संविधानमा लेखिए बमोजिम हुनेछ ।

---

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७/११/५ देखि प्रारम्भ भएको ।
नोटः- धारा ३४ मा संविधानको दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

(२) राष्ट्रिय पञ्चायतमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् :-

(क) यो संविधानको अनुसूची ४ बमोजिम निर्वाचित सदस्यहरु;

(ख) खण्ड (क) बमोजिम निर्वाचित हुने सम्पूर्ण सदस्य संख्याको चतुर्थांश श्री ५ बाट मनोनीत गरिबक्सनेछ । त्यसरी मानोनीत गरिबक्सदा श्री ५ बाट चाहिबक्सेमा देहायका क्षेत्रबाट मानोनीत गरिबक्सनेछ :-

१. राजनीतिक क्षेत्र;

२. वर्गीय संगठन;

३. वौद्धिक क्षेत्र;

४. नेपाली समाजका विभिन्न समुदाय; र

५. श्री ५ बाट उपयुक्त सम्झिबक्सेका अन्य व्यक्ति ।

(३) उपधारा (२) को खण्ड (क) बमोजिम सदस्यहरुको निर्वाचन यो संविधानको अन्य भागमा व्यवस्था गरिएका कुराका अधीनमा रही वालिग मताधिकारका आधारमा कानूनमा व्यवस्था भए बमोजिम एकै पटक पाँच पाँच वर्षमा हुनेछ ।

(४) यो धारा प्रारम्भ हुँदा कायम रहेका राष्ट्रिय पञ्चायतका सदस्यहरुको पदवधि उपधारा (३) अनुसार हुने राष्ट्रिय पञ्चायतका सदस्यहरुको निर्वाचनको परिणाम घोषणा भएपछि स्वतः समाप्त हुनेछ ।

(५) एकभन्दा बढी सदस्य निर्वाचित हुने जिल्लाबाट निर्वाचनको प्रयोजनको लागि निर्वाचन क्षेत्र कायम गरिदा एक जिल्लाबाट जतिसुकै सदस्यहरु निर्वाचित हुने भए तापनि सम्बन्धित जिल्ला भरिलाई नै एक निर्वाचन क्षेत्र कायम गरिनेछ ।

(६) एक्काईस वर्ष उमेर पूरा भएका प्रत्येक नेपाली नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम मतदान दिने अधिकार हुनेछ । त्यस्ता मतदाताले एक मात्र निर्वाचन क्षेत्रमा मतदान गर्न पाउनेछ ।

(७) सम्बन्धित जिल्ला निर्वाचन क्षेत्रमा मतदान गर्न अधिकार पाएको कुनै पनि व्यक्ति धारा ३५ र प्रचलित कानूनका अधीनमा रही राष्ट्रिय पञ्चायतको सदस्यताको लागि उम्मेदवार हुन पाउनेछ ।

•३५. सदस्यको लागि योग्यता : राष्ट्रिय पञ्चायतको सदस्य हुनको लागि कुनै पनि व्यक्ति-

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७।११।५ देखि प्रारम्भ भएको ।
नोट :- धारा ३५ मा संविधानको पहिलो संशोधनद्वारा संशोधित भई मिति २०३२।८।२५ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम मिति २०३२।८।२६ देखि

(क) नेपालको नागरिक हुनुपर्दछ ;

(ख) उमेर पच्चीस वर्ष पूरा भएको ;

(ग) धारा ६७क. को उपधारा (१) मा उल्लिखित कुनै एक वर्गीय संगठनको सदस्य हुनुपर्छ ;

(घ) राष्ट्रिय पञ्चायतको सदस्यताको लागि उम्मेदवार हुने दरखास्तमा निर्वाचन आयोगले तोके बमोजिमको ढाँचामा सपथ लिएको हुनुपर्छ ;

(ङ) धारा ३८ को उपधारा (२) अनुसार निष्काशित भएको हुनु हुँदैन ;

(च) बहालवाला सरकारी कर्मचारी हुनु हुँदैन; र

(छ) कुनै कानूनले अयोग्य हुनु हुँदैन ।

•३६. <u>सदस्यहरुको अयोग्यतासम्बन्धी निर्णय</u> : राष्ट्रिय पञ्चायतको कुनै सदस्य धारा ३५ अनुसार अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्न उठेमा त्यसको अन्तिम निर्णय सार्वोच्च अदालतको प्रधान न्यायाधीशले निर्वाचन आयोगसंग परामर्श गरी गर्नेछ ।

•३७. <u>सदस्यहरुको पदावधि</u> : (१) राष्ट्रिय पञ्चायतका सदस्यहरुको पदावधि पाँच वर्षको हुनेछ ।

(२) यो धारा बमोजिम निर्वाचित सदस्यहरुको पदावधि गणना गर्दा पाँच वर्षको पदावधि ननघाई निर्वाचनको प्रत्येक पाँचौ वर्षको चैत्र मसान्तमा समाप्त भएको मानिनेछ ।

(३) निर्वाचित वा मनोनित सदस्यहरुको पदावधि निर्वाचन वा मनोनयन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(४) कुनै कारणवश निर्धारित समयमा निर्वाचन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भएमा पनि सो निर्वाचनमा निर्वाचित सदस्यको पदावधि गर्दा निर्धारित समयमा निर्वाचन भए, सरह सम्झी गणना गरिनेछ ।

•३८. <u>स्थानको रिक्तता</u> : (१) राष्ट्रिय पञ्चायतका सदस्यको स्थान देहायका अवस्थामा रिक्त हुनेछ :-

(क) मृत्यु भएमा ;

(ख) राष्ट्रिय पञ्चायतको अध्यक्षलाई लिखित सूचनाद्वारा राजिनामा दिएमा ;

---

प्रारम्भ भएको र सो धारामा संविधानको दोस्रो संशोधन द्वारा पनि संशोधन भएको ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७।११।५ देखि प्रारम्भ भएको ।
नोट :- धारा ३६ मा संविधानको पहिलो संशोधनद्वारा र धारा ३७ र ३८ मा संविधानको पहिलो र दोस्रो संशोधनद्वारा पनि संशोधन भएको । धारा ३७ मा भएको पहिलो संशोधन मिति २०२४/१२/१९ देखि प्रारम्भ भएको ।

(ग) धारा ३५ अनुसारको योग्यता नरहेमा;

(घ) राष्ट्रिय पञ्चायतको स्वीकृति नलिई लगातार एक महिनासम्म राष्ट्रिय पञ्चायतको बैठकमा अनुपस्थित रहेमा ;

(ङ) धारा ३७ अनुसार पदावधि समाप्त भएमा; वा

(च) कानूनमा व्यवस्था भए बमोजिम प्रत्याह्वन गरिएमा ।

तर-

प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्रीको पदमा नियुक्त सदस्यलाई सो पदमा बहाल रहेको अवस्थामा एक वर्ष व्यतीत नभई प्रत्याह्वन गर्न सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतको कुनै सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेमा वा संविधान विपरित काम गरेमा त्यस्तो सदस्य राष्ट्रिय पञ्चायतको पञ्चायत नीति तथा जाँचबुझ समितिले पारित गरेको प्रस्ताव राष्ट्रिय पञ्चायतमा पेश भई स्वीकृत भएमा पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावलीमा व्यवस्था भए अनुसार सचेत गराइनेछ वा निलम्वित वा निष्काशित हुनेछ ।

तर-

त्यस्तो आरोप लागेको राष्ट्रिय पञ्चायतको सदस्यलाई आफ्नो सफाई दिनको निमित्त पञ्चायत नीति तथा जाँचबुझ समितिले मनासिव मौकाबाट बञ्चित गर्नेछैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान रिक्त हुन आएमा त्यस्को पूर्ति यथाशीघ्र गरिनेछ । जुनै सदस्यको स्थान रिक्त भएकोछ सो सदस्य निर्वाचित भएको भए निर्वाचनद्वारा र मनोनित भए मनोनयनद्वारा पूर्ति गरिनेछ ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्यको स्थान सो सदस्यको पदावधि समाप्त नहुँदैमा रिक्त हुन गयो भने निजको स्थानमा बाँकी रहन गएको पदावधिको निमित्त मात्र निर्वाचन वा मनोनयन हुन सक्नेछ ।

•३९. अध्यक्ष : (१) श्री ५ का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदस्यहरुमध्यबाट धारा २६ को उपधारा (१) मा प्रधान मन्त्रीका सम्बन्धमा निर्धारित निर्वाचनको तरीका अनुसार सिफारिश गरिएको व्यक्तिलाई मौसूफबाट राष्ट्रिय पञ्चायतको अध्यक्षको पदमा नियुक्त गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतको अध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

(३) राष्ट्रिय पञ्चायतका अध्यक्षको पद देहाय अवस्थामा रिक्त हुनेछ :-

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७।११।५ देखि प्रारम्भ भएको ।
नोट :- धारा ३९ मा संविधानको दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

(क) लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा ;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा ;

(ग) उपधाारा (२) अनुसार पदावधि समाप्त भएमा ;

(घ) निजले आफ्नो पदको जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेमा; वा

(ङ) श्री ५ बाट हटाइबक्सेमा ।

(४) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा वा अस्वस्थता वा अरु कुनै कारणले राष्ट्रिय पञ्चायतको अध्यक्ष आफ्नो पदको काम गर्न असमर्थ भएमा श्री ५ बाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई राष्ट्रिय पञ्चायतको अध्यक्षको सबै कार्य गर्न तोकिबक्सन सकिबक्सनेछ ।

(५) राष्ट्रिय पञ्चायतको अध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशीघ्र उपधारा (१) बमोजिम गरिनेछ ।

(६) राष्ट्रिय पञ्चायतको अध्यक्षको नियुक्ति नहुन्जेलसम्मको लागि राष्ट्रिय पञ्चायतको उपाध्यक्ष पनि नभएको अवस्थामा श्री ५ बाट तोकिबक्सेको राष्ट्रिय पञ्चायतको सदस्यले राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्नेछ ।

•४०. उपाध्यक्षः (१) श्री ५ का हजूरमा राष्ट्रिय पञ्चायतले राष्ट्रिय पञ्चायतका सदसस्यहरुमध्ये धारा २६ को उपधारा (१) मा प्रधान मन्त्रीका सम्बन्धमा निर्धारित निर्वाचनको तरीका अनुसार सिफारिश गरिएको व्यक्तिलाई मौसूफबाट राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदमा नियुक्त गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ ।

(३) राष्ट्रिय पञ्चायतको उपाध्यक्षले राष्ट्रिय पञ्चायतको अध्यक्षको अनुपस्थितिमा राष्ट्रिय पञ्चायतको सभापतित्व गर्नेछ । धारा ३९ को उपधारा (४) अनुसार तोकिएमा राष्ट्रिय पञ्चायतको अध्यक्षको सब कार्य गर्नेछ ।

(४) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद देहायका अवस्थामा रिक्त हुनेछ :-

(क) लिखित राजीनामा श्री ५ बाट स्वीकृत भएमा;

(ख) राष्ट्रिय पञ्चायतको सदस्य नरहेमा ;

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७।११।५ देखि प्रारम्भ भएको ।
नोट :- धारा ४० मा संविधानको दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

(ग) उपधारा (२) अनुसार पदावधि समाप्त भएमा ;

(घ) निजले आफ्नो पदको जिम्मेवारी ईमान्दारीपूर्वक पूरा नगरेको भनी राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको साठी प्रतिशत बहुमतले पारित गरेको प्रस्ताव श्री ५ बाट स्वीकृत गरिबक्सेमा ; वा

(ङ) श्री ५ बाट हटाइबक्सेमा ।

(५) राष्ट्रिय पञ्चायतको उपाध्यक्षको पद रिक्त भएमा त्यसको पूर्ति यथाशिघ्र उपधारा(१) बमोजिम गरिनेछ ।

४१. निर्देशक समिति : (१) राष्ट्रिय पञ्चायतमा पेश हुने कार्यक्रम सुव्यवस्थित ढङ्गले मिलाउने सम्बन्धमा र अन्य विषयहरुमा समेत राष्ट्रिय पञ्चायतको अध्यक्षलाई सल्लाह दिनको निमित्त ♦उपधारा (२) बमोजिमका पदेन सदस्यहरुको अतिरिक्त चौध जना सदस्यहरुको एउटा निर्देशक समिति रहनेछ । निर्देशक समितिको अरु कार्य राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिएबमोजिम हुनेछ ।

o(२) राष्ट्रिय पञ्चायतका अध्यक्ष र उपाध्यक्ष निर्देशक समितिका पदेन अध्यक्ष र उपाध्यक्ष हुनेछन् र प्रधान मन्त्री, अर्थ मन्त्री, गृह मन्त्री, पञ्चायत मन्त्री र ♦कानून तथा न्याय मन्त्री पदेन सदस्य हुनेछन् । निर्देशक समितिका अरु सदस्यहरुको निर्वाचन राष्ट्रिय पञ्चायतको नियमावलीमा लेखिएको तरीकाले राष्ट्रिय पञ्चायतका सदस्यहरुद्वारा गरिनेछ ।

⌣स्पष्टीकरण-यस उपधाराको प्रयोजनको निमित्त "मन्त्री" भन्नाले मन्त्री नियुक्त नभएको अवस्थामा मन्त्री सरह कार्यभार सम्हाल्ने राज्यमन्त्री सम्झनु पर्छ ।

(३) निर्देशक समितिको पदेन सदस्य बाहेक अरु सदस्यहरुको कार्यकाल दुई वर्षको हुनेछ ।

♦ ४१क. अन्य समिति : (१) राष्ट्रिय पञ्चायतका सदस्यहरुलाई मुलुकका शासनमा बढी मात्रामा शरीक गराउने उद्देश्यले राष्ट्रिय पञ्चायतका विभिन्न विषयका समितिहरु रहनेछन् ।

(२) उपधारा (१) बमोजिमका समितिहरुको गठन, काम, कारवाई र राष्ट्रिय पञ्चायतको विषयसंग सम्बन्धित अरु समितिहरुको व्यवस्था राष्ट्रिय पञ्चायतको नियमावलीमा भए बमोजिम हुनेछ ।

□४१ख. पञ्चायत नीति तथा जाँचबुझ समिति : (१) राष्ट्रिय पञ्चायतको अध्यक्षको अध्यक्षतामा एउटा पञ्चायत नीति तथा जाँचबुझ समिति रहनेछ ।

---

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

⌣ संविधानको दोस्रो संशोधनद्वारा थप ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३७।११।५ देखि प्रारम्भ भएको ।
नोटः-धारा ४१क संविधानको पहिलो संशोधनद्धारा थप भएको ।

(२) सो समितिको गठन तथा दलविहिन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्वर्धनको लागि आवश्यक पर्ने सम्पूर्ण काम कारवाई गर्ने अधिकार तथा कार्यविधि आदि विषयमा श्री ५ बाट स्वीकृत नियमावली बमोजिम हुनेछ । सो नियमावलीको पालना भयो भएन भन्ने प्रश्न कुनै अदालतमा उठाउन पाइने छैन ।

(३) श्री ५ बाट पठाइबक्सेका संवैधानिक अंगका वार्षिक प्रतिवेदनमा धारा ४१क. को उपधारा (१) बमोजिमको राष्ट्रिय पञ्चायतको सम्बन्धित समितिहरुले छलफल गरी गरेको निर्णयलाई पञ्चायत नीति तथा जाँचबुझ समितिले उपधारा (२) बमोजिमको नियमावलीमा व्यवस्था भए अनुसार सम्वन्धित निकायद्वारा कार्यान्वयन गराउनु पर्नेछ ।

४२. <u>अधिवेशन</u> :(१) यो • <u>धारा</u> प्रारम्भ भएपछि श्री ५ बाट यथाशक्य चाँडो राष्ट्रिय पञ्चायतका सदस्यहरुलाई राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशनमा वोलाइवक्सनेछ ।

(२) त्यस पछि यस संविधानका धाराहरुको अधिनमा रही समय समयमा राष्ट्रिय पञ्चायतका सदस्यहरुलाई अरु अधिवेशनहरुमा श्री ५ बाट बोलाउन सकिबक्सनेछ ।

♦(३) श्री ५ बाट राष्ट्रिय पञ्चायतको अधिवेशनको अन्त गर्न सकिवक्सनेछ । तर एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भको वीचको अवधि समान्यत : एक वर्ष भन्दा बढी हुने छैन ।

♦ (४) राष्ट्रिय पञ्चायतको बैठक स्थगित भएको वखतमा, राष्ट्रिय पञ्चायतको वैठक शीघ्रतर बोलाउन आवश्यक सम्झिबक्सेमा श्री ५ बाट त्यस्तो वैठक बस्ने मिति र समय तोक्न सकिवस्सनेछ र त्यसरी तोकिएको मिति र समयमा राष्ट्रिय पञ्चायतको बैठक वस्नेछ ।

♦ (५) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही पारित भएको कुनै प्रस्ताव अनुसार स्थगित हुन सक्नेछ ।

♦ (६) राष्ट्रिय पञ्चायतको बैठक राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही सामान्यतः खुल्ला रुपमा हुनेछ ।

४३. <u>श्री ५ बाट सम्बोधन र सन्देश</u> : (१) श्री ५ बाट राष्ट्रिय पञ्चायतलाई सम्बोधन गर्न सकिबक्सनेछ र त्यसको निमित्त सदस्यहरुको उपस्थिति समादेश गर्न सकिवक्सनेछ ।

(२) श्री ५ बाट राष्ट्रिय पञ्चायतलाई सन्देश पठाउन सकिबक्सनेछ र राष्ट्रिय पञ्चायतले सो सन्देशमा रहेका कुराहरुमाथि यथाशीघ्र विचार गरी श्री ५ का हजूरमा आफ्नो राय चढाउनु पर्नेछ ।

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मितिदेखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।
नोट : धारा ४२ को उपधारा (६) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

४४. ÿ......

♦ ४५. <u>बहसमा बन्देज</u> : (१) श्री ५ , श्री ५ बडामहारानी र राज परिवारका अन्य सदस्यहरुको आचरणका सम्बन्धमा राष्ट्रिय पञ्चायतमा कुनै छलफल गर्न पाइने छैन ।

तर यस उपधारामा भएको कुनै कुराले पनि श्री ५ को सरकारको आलोचना गर्न बाधा पुऱ्याएको मानिने छैन ।

(२) दलविहिन प्रजातान्त्रिक पञ्चायत प्रणाली सिद्धान्त विरुद्ध राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

(३) कुनै न्यायाधीशले आफ्नो कर्तव्यपालनको सिलसिलामा गरेको कुनै कार्यको विषयमा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइनै छैन ।

(४) नेपालको कुनै अदालतको समक्ष विचाराधिन रहेको कुनै मुद्दा सम्बन्धी कुरामा राष्ट्रिय पञ्चायतमा छलफल गर्न पाइने छैन ।

४६. <u>मतदान</u> : यो संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक राष्ट्रिय पञ्चायतमा निर्णयको निमित्त प्रस्तुत गरिएको जुनसुकै प्रश्नको निर्णय उपस्थित भई मतदान गर्ने सदस्यहरुको बहुमतबाट हुनेछ । अध्यक्षता गर्ने व्यक्तिलाई सामान्यतः मत दिने अधिकार हुनेछैन । तर मत बराबर भएमा निजले आफ्नो निर्णायक मत दिनेछ ।

४७. <u>कुनै स्थानको रिक्तावस्थामा राष्ट्रिय पञ्चायतको कार्यसञ्चालन अधिकार</u> : राष्ट्रिय पञ्चायतको कुनै सदस्यता रिक्त छ भने पनि आफ्नो कार्य चालू राख्ने अधिकार राष्ट्रिय पञ्चायतलाई हुनेछ र त्यस्तो अवस्थामा वा राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन नपाउने कुनै व्यक्तिले भाग लिएको कुरा पछि पत्ता लाग्यो भने पनि त्यहाँ भएको जुनसुकै कार्य मान्य हुनेछ ।

४८. <u>अनधिकार उपस्थित वा मतदानको दण्ड</u> : (१) धारा ५२ को रीत नपुऱ्याई वा राष्ट्रिय पञ्चायतको सदस्यताको निमित्त चाहिने योग्यताको अभाव छ भन्ने थहा पाउँदा पाउँदै पनि कुनै व्यक्ति राष्ट्रिय पञ्चायतको सदस्यको हैसियतमा उपस्थित हुन्छ वा मतदान गर्छ भने निजलाई त्यसरी उपस्थित भएको वा मतदान दिएको हरएक दिनको एकसय रुपैयाँको दरले दण्ड लाग्नेछ र सो दण्ड सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

♦(२) उपधारा (१) को कुनै पनि कुरा धारा २६ को उपधारा (१) को प्रतिवन्धात्मक वाक्यांश अनुसार नियुक्त श्री ५ का मन्त्रीलाई लागू हुने छैन र निजले राष्ट्रिय पञ्चायतको बैठकमा उपस्थित हुन र राष्ट्रिय पञ्चायतको कारवाईमा भाग लिन पाउनेछन् ।

तर राष्ट्रिय पञ्चायतको सदस्य नभएसम्म निजले त्यहाँ मतदान गर्न पाउने छैनन् ।

---

ÿ संविधानको दोस्रो संशोधनद्वारा खारेज ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।
नोट :- धारा ४८ को उपधारा (२) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको ।

♦ ४९. <u>गणपूरक संख्या</u> : राष्ट्रिय पञ्चायतको गणपूरक संख्या राष्ट्रिय पञ्चायतको सम्पूर्ण सदस्य संख्याको चार खण्डको एक खण्ड हुनेछ । राष्ट्रिय पञ्चायतको बैठक बस्दा वा बसेको समयमा गणपूरक संख्या पुगेको छैन भनी अध्यक्षता गर्ने व्यक्तिको ध्यान आकर्षित गराइयो भने निजले राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही सो संख्या नपुगेसम्म बैठकको कार्य निलम्वन गर्न वा अर्को कुनै समय वा दिनसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ ।

५०. <u>कार्य सञ्चालन विधिः</u> ♦(१)यस संविधानमा लेखिएका कुराहरुका अधीनमा रही आफ्नो वा आफ्ना समितिहरुको कार्यसञ्चालन गर्न, बैठक बसेको समयमा व्यवस्था कायम राख्न, धारा ४१क. अन्तर्गतका समितिहरुको गठन, काम, कारवाई र अरु कुनै कुरा नियमित गर्नको निमित्त राष्ट्रिय पञ्चायतले नियमावली बनाउन सक्नेछ । त्यस्तो नियमावली श्री ५  बाट स्वीकृत बक्सेपछि लागू हुनेछ ।

(२) उपधारा (१) बमोजिमको नियमावली नबनुञ्जेलसम्मका लागि सो उपधारामा उल्लेख गरिएका कुराहरु श्री ५  बाट बनाइवक्सेको नियमावली अनुसार व्यवस्थित हुनेछन् ।

५१. <u>राष्ट्रिय पञ्चायतको विशेषाधिकार</u> : (१) यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही राष्ट्रिय पञ्चायतमा पूर्ण वाक् स्वतन्त्रता रहनेछ‿ । राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिमा बोलेको कुनै कुरा वा दिएको कुनै मतलाई लिएर राष्ट्रिय पञ्चायतको कुनै पनि सदस्यलाई गिरफ्तार गर्न, थुन्न वा निज उपर कुनै अदालतमा कारवाई चलाउन सकिने छैन ।

(२) राष्ट्रिय पञ्चायतलाई आन्तरिक कुराहरु नियमित गर्ने पूरा अधिकार रहनेछ र राष्ट्रिय पञ्चायतको कुनै कारवाई नियमित वा अनियमित के छ सो निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई मात्र रहनेछ र त्यस सम्बन्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन सकिने छैन ।

(३) राष्ट्रिय पञ्चायतको कुनै पनि कारवाईलाई राष्ट्रिय पञ्चायतको असल नियत बारे शङ्का उठाई व्याख्या गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराका सम्बन्धमा जानी जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन ।

(४) राष्ट्रिय पञ्चायतको कुनै सदस्य वा पदाधिकारीलाई देहायको अवधिभर गिरफ्तार गर्न सकिने छैनः-

(क) राष्ट्रिय पञ्चायतको अधिवेशन कालसम्म; र

(ख) अधिवेशन बोलाइएको सूचना जारी भएपछि अधिवेशन प्रारम्भ नहुन्जेलसम्मको अवधिभर ।

तर निवारक नजरबन्द राख्ने व्यवस्था भएको कुनै कानून अनुसार वा कुनै फौजदारी अभियोगमा कुनै सदस्य वा पदाधिकारीलाई कानून अनुसार गिरफ्तार गर्न यस उपधाराले कुनै बाधा पुऱ्याएको मानिने छैन र त्यसरी कुनै

नेपाल कानून आयोग

---

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

‿ संविधानको तेस्रो संशोधनद्वारा “र” शब्द भिकिएको । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९  देखि प्रारम्भ भएको ।

सदस्य वा पदाधिकारीलाई गिरफ्तार गरिएमा गिरफ्तार गर्ने अधिकारीले त्यसको सूचना राष्ट्रिय पञ्चायतको अध्यक्षलाई तुरुन्त दिनु पर्नेछ ।

(५) राष्ट्रिय पञ्चायतले दिएको अधिकार अन्तर्गत ◻यो संविधान र राष्ट्रिय पञ्चायतको नियमावलीको अधीनमा रही कुनै Δप्रतिवेदन वा अन्य कागजपत्र वा मतदान वा कारवाई प्रकाशित गरेको विषयलाई लिएर कुनै व्यक्ति उपर कुनै अदालतमा कारवाई चल्ने छैन ।

(६) राष्ट्रिय पञ्चायतको विशेषाधिकारको हननलाई राष्ट्रिय पञ्चायतको अवहेलना मानिनेछ र कुनै विशेषाधिकारको हनन भएको छ छैन भन्ने कुराको निर्णय गर्ने अधिकार राष्ट्रिय पञ्चायतलाई नै हुनेछ ।

(७) (क) कसैले राष्ट्रिय पञ्चायतको अवहेलना गरेमा राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीले राष्ट्रिय पञ्चायतको निर्णयबाट सो व्यक्तिलाई बढीमा राष्ट्रिय पञ्चायतको अधिवेशन चलुञ्जेलसम्म कैदको सजाय दिने आदेश दिन सक्नेछ ।

तर त्यस्तो कसूरको अभियोग लागेका व्यक्तिलाई सजाय किन नहुनु पर्ने भन्ने कारण पेश गर्ने मौका नदिई त्यस्तो सजाय दिइने छैन ।

(ख) यस उपधारा बमोजिम सजाय हुने कसूरका सम्बन्धमा आरोपलागेका व्यक्ति उपर गिरफ्तारीको आदेश वा Δसमाह्वान जारी गर्ने, साक्षी झिकाउने, प्रमाण बुझ्ने, लिखतहरु दाखिल गराउने र बयान बकपत्र गराउने अधिकार राष्ट्रिय पञ्चायतको अध्यक्षता गर्ने अधिकारीलाई हुनेछ ।

(ग) यस उपधारा बमोजिम आफूले कैदको सजाय दिने अधिकार भएको व्यक्तिलाई राष्ट्रिय पञ्चायतले आफ्नो कुनै अधिकारीको जिम्मामा थुन्न वा सरकारी Δकारागारमा थुनामा राख्न लगाउन पाउनेछ ।

♦५२. शपथ : राष्ट्रिय पञ्चायतको प्रत्येक सदस्यले राष्ट्रिय पञ्चायत वा त्यसको कुनै समितिको बैठकमा पहिलो पटक भागलिनु अगावै राष्ट्रिय पञ्चायतको अध्यक्ष, निजको अनुपस्थितिमा उपाध्यक्ष वा धारा ३९ को उपधारा (६) बमोजिम तोकिएको व्यक्तिको समक्ष निर्धारित रुपमा शपथ ग्रहण गर्नु पर्नेछ ।

५३. पारिश्रमिक : राष्ट्रिय पञ्चायतका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुको पारिश्रमिक ऐनद्वारा निर्धारित हुनेछ र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिवक्से बमोजिम हुनेछ ।

५४. सचिव : राष्ट्रिय पञ्चायतको सचिव श्री ५ बाट नियुक्त गरिवक्सनेछ ।

---

o संविधानको तेस्रो संशोधनद्वारा थप । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

# भाग ९

## व्यवस्थापन विधि

♦५५. विधेयक प्रस्तुत गर्न सकिने : (१) राष्ट्रिय पञ्चायतका कुनै सदस्यले यो संविधान र धारा ५० अन्तर्गत बनेको नियमावलीको अधीनमा रही धारा ४१क. अन्तर्गत गठित सम्बन्धित समितिमा विधेयक पेश गर्न सक्नेछ ।

तर-

(क) देहायको कुनै विषय सम्बन्धी विधेयक वा संशोधन श्री ५ को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री बाहेक अरुले प्रस्तुत गर्नु भन्दा अघि श्री ५ को अनुमति प्राप्त गर्नु पर्नेछ र त्यस्तो अनुमति श्री ५ को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीद्वारा प्राप्त हुनेछ । श्री ५ बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ :-

(१) कर लगाउने वा उठाउने वा करको दर बढाउने;

(२) सञ्चित कोष वा अन्य कुनै सरकारी कोषबाट कुनै रकम विनियोजन वा खर्च गर्ने वा विनियोजन वा खर्च गर्न खोजिएको रकम बढाउने;

(३) राजपरिवारको खर्च सम्बन्धी कुरा ; वा

(४) श्री ५ को सरकारको दायित्वको ऋण र जमानत सम्बन्धी कुरा ।

(ख) धारा १७ को उपधारा (२) मा उल्लेख गरिएको कुनै वा सबै उद्देश्यले बनेको भनी प्रस्तावनामा लेखिएको विधेयक वा संशोधन श्री ५ को अनुमति विना प्रस्तुत गरिने छैन र त्यस्तो अनुमति राष्ट्रिय पञ्चायतको सचिवद्वारा प्राप्त हुनेछ । श्री ५ बाट त्यस्तो अनुमति बक्सनु अगाडि राजसभासंग परामर्श गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शाही नेपाली सेना र सशस्त्र प्रहरी सम्बन्धमा विधेयक वा संशोधन सम्बन्धित समितिमा श्री ५ को मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्रीले मात्र प्रस्तुत गर्न सक्नेछ ।

(३) उपधारा (१) वा (२) बमोजिम समितिमा विधेयक पेश भएपछि समितिद्वारा राष्ट्रिय पञ्चायतको नियमावली बमोजिम कारवाई भई राष्ट्रिय पञ्चायतमा प्रस्तुत हुनेछ ।

५६. विधेयकमा स्वीकृति : (१) कुनै विधेयक राष्ट्रिय पञ्चायतमा ∆पारित भएपछि सो विधेयक स्वीकृतिको निमित्त श्री ५ का समक्ष पेश गरिनेछ र मौसूफबाट स्वीकृति बक्सन चाहिबक्सेकोमा सो विधेयक पेश भएको साधारणतया एक महीनाभित्रमा स्वीकृति बक्सेको सूचना पठाइबक्सनेछ र मौसूफबाट स्वीकृति

---
♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

∆ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

बक्सन नचाहिबक्सेको वा संशोधन सहित स्वीकृति बक्सन चाहिबक्सेकोमा उपधारा (२) बमोजिम गरिबक्सनेछ ।

(२) राष्ट्रिय पञ्चायतले [Δ]पारित गरेको कुनै विधेयक माथि श्री ५ बाट स्वीकृति बक्सन नचाहिबक्सेमा वा संशोधन सहित स्वीकृति वक्सन चाहिबक्सेमा राजसभासंग परामर्श गरी राष्ट्रिय पञ्चायतमा सोही बमोजिमको सन्देश सहित फिर्ता पठाइबक्सनेछ र राष्ट्रिय पञ्चायतले त्यस्तो सन्देश माथि यथाशीघ्र विचार गरी श्री ५ मा आफ्नो राय चढाउनेछ र सो राय माथि विचार गरी मौसूफबाट स्वीकृति बक्सने, नबक्सने वा संशोधन सहित स्वीकृति बक्सने अन्तिम निर्णय गरिबक्सनेछ ।

(३) राष्ट्रिय पञ्चायतमा छलफल भएको तर [Δ]पारित हुन नसकेको कुनै विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत रुपमा वा संशोधन सहित [Δ]पारित हुन श्री ५ बाट राजसभासंग परामर्श गरी वाञ्छनीय सम्झिबक्स्यो भने मौसूफबाट कारण सहित सोही बमोजिमको सन्देश राष्ट्रिय पञ्चायतमा पठाइवक्सनेछ र राष्ट्रिय पञ्चायतले सो सन्देश माथि यथाशिघ्र विचार गरी आफ्नो राय श्री ५ मा चढाउनेछ र त्यस्तो रायमाथि विचार गरी सो विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत रुपमा वा संशोधन सहित श्री ५ बाट स्वीकृत गर्न सकिवक्सनेछ ।

(४) श्री ५ बाट यो धारा बमोजिम कुनै विधेयकमा स्वीकृति बक्सेपछि सो विधेयक ऐन बन्नेछ र विधेयकमा लालमोहर लागेपछि त्यस्तो स्वीकृति बक्सेको मानिनेछ ।

५७. अध्यादेश : [□]राष्ट्रिय पञ्चायत वा राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको वखतमा तत्काल केही गर्न आवश्यक परेकोछ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा यस संविधानमा लेखिएका कुराहरुको प्रतिकूल नहुने गरी मौसूफबाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी परिस्थिति अनुसार आवश्यक सम्झिबक्सेको अध्यादेश जारी गर्न सकिबक्सनेछ ।

(२) उपधारा (१) अनुसार जारी भएको अध्यादेश ऐन सरह मान्य हुनेछ । तर त्यस्तो प्रत्येक अध्यादेश -

[♦](क) जारी भएपछि बसेको राष्ट्रिय पञ्चायतमा पन्ध्र दिनभित्र पेश गरिनेछ;

(ख) श्री ५ बाट जुनसुकै समयमा खारेज हुन सक्नेछ; र

[♦](ग) खण्ड (ख) बमोजिम खारेज नभएमा राष्ट्रिय पञ्चायतको बैठक बसेको साठी दिनपछि स्वतः निष्क्रिय हुनेछ ।

---

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८/१/२९ देखि प्रारम्भ भएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

## भाग १०

### आर्थिक कार्य प्रणाली

५८. कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने : (१) कानून बमोजिम बाहेक कुनै कर लगाउने र उठाइने छैन ।

[o](२) कानून बमोजिम बाहेक श्री ५ को सरकारद्वारा कुनै ऋण लिइने र जमानत दिइने छैन ।

५९. सञ्चित कोषःश्री ५ को निजी राजस्व, गुठी रकम र स्थानीय कर बाहेक श्री ५ को सरकारलाई प्राप्त हुने अरु सबै प्रकारको राजस्व, राजस्वको धितोमा लिइएका सबै कर्जाहरु र ऐनको अधिकार अन्तर्गत दिइएको जुनसुकै ऋण असूल हुँदा प्राप्त भएको सबै धन ऐनद्वारा अर्को कुनै व्यवस्था नगरिएमा एक सरकारी कोषमा आम्दानी बाँधिनेछ जसलाई सञ्चित कोष भनिन्छ ।

६०. सञ्चित कोषबाट व्ययः विनियोजन गर्ने ऐन वा धारा ६४ वा ६५ अन्तर्गतको ऐन अनुसार वा सञ्चित कोषमाथि व्ययभार भएको रकम बाहेक सञ्चित कोषबाट वा आकस्मिक कोष बाहेक अन्य कुनै सरकारी कोषबाट कुनै रकम झिक्न सकिने छैन ।

[•]६१. सञ्चित कोषमाथि व्ययभारः देहायका कुराहरु सञ्चित कोषमाथि व्ययभार हुनेछन् :-

(क) राजपरिवारको खर्चसम्बन्धी ऐनद्वारा व्यवस्था गरिएको रकम ;

(ख) निम्नलिखित पदाधिकारीलाई दिइने पारिश्रमिक र सुविधाका रकमहरु :-

१. सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अन्य न्यायाधीशहरु;

२. राजसभा स्थायी समितिका सभापति र सदस्यहरु;

३. अख्तियार दुरुपयोग निवारण आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरु;

४. महालेखा परीक्षक ;

५. लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरु;

६. प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरु ; र

७. महान्यायाधिवक्ता ।

(ग) सर्वोच्च अदालत, राजसभा, अख्तियार दुरुपयोग निवारण आयोग, महालेखा परीक्षकको विभाग, लोक सेवा आयोग, निर्वाचन आयोग र महान्यायाधिवक्ताको कार्यालय सम्बन्धी प्रशासनिक व्ययहरु;

---

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।
नोट : धारा ६१ को खण्ड (ख), (ग) र (घ) मा संविधानको पहिलो संशोधनद्वारा र सो धारा ६१ को खण्ड (ख) र (ग) मा संविधानको दोस्रो संशोधनद्वारा पनि संशोधन भएको ।

(घ) श्री ५ को सरकारको दायित्वको ऋणसम्बन्धी व्ययभार ;

(ङ) श्री ५ को सरकार विरुद्ध अदालतबाट भएको फैसला वा आज्ञप्ति अनुसार तिर्नु पर्ने रकम; र

(च) कानूनले सञ्चित कोषमाथि व्ययभार हुने भनी निधो गरेको रकम ।

६२. राजस्व र व्ययको अनुमान : (१) श्री ५ बाट प्रत्येक आर्थिक वर्षको सम्बन्धमा राष्ट्रिय पञ्चायतको सम्मुख देहाय बमोजिमका कुरा समेत खुलाई वार्षिक अनुमान पेश गर्न लागाइबक्सनेछ :-

(क) राजस्वको अनुमान;

(ख) सञ्चित कोषप्रति व्ययभार हुने चाहिदा रकमाहरु; र

(ग) विनियोजन ऐनद्वारा व्यय हुने चाहिदा रकमहरु ।

•(२) विनियोजन ऐन अनुसार व्यय हुने चहिदा रकम शीर्षकहरुमा निर्दिष्ट गरी विनियोजन विधेयकमा राखिनेछन् ।

तर-

(क) राष्ट्रिय पञ्चायतमा राजस्व र व्ययको वार्षिक अनुमान माथि छलफल हुँदा गत आर्थिक वर्षमा प्रत्येक मन्त्रालयलाई छुट्याई सुम्पिएको खर्चको जिम्मेवारी र सो खर्च अनुसारको लक्ष्य हासिल भयो भएन त्यसको विवरण सम्बन्धित मन्त्री वा निजको तर्फबाट अन्य कुनै मन्त्रीले राष्ट्रिय पञ्चायतमा पेश गर्नु पर्नेछ ।

(ख) वार्षिक अनुमानमा राष्ट्रिय पञ्चायतमा भएको छलफलको सिलसिलामा प्रस्तुत भएको समाधानको सुझावमध्ये मन्त्रिपरिषद्ले उचित देखेका सुझावलाई सकेसम्म आवश्यकता अनुसार वार्षिक अनुमान तथा वार्षिक विनियोजन विधेयकमा तदनुकुल मिलाई समावेश गर्न सक्नेछ ।

६३. पूरक अनुमान :(१) कुनै आर्थिक वर्षमा देहायको अवस्था पर्न आएमा श्री ५ बाट पूरक अनुमान राष्ट्रिय पञ्चायतको सम्मुख राख्न लगाइबक्सनेछ :-

(क) चालू आर्थिक वर्षको निमित्त विनियोजन ऐनद्वारा कुनै सेवाको लागि खर्च गर्न अधिकार दिइएको रकम अपर्याप्त भयो भने वा त्यस वर्षको निमित्त विनियोजन ऐनले अधिकार नदिएको नयाँ सेवामा खर्च गर्न जरुरत पर्‍यो भने ; वा

(ख) त्यस आर्थिक वर्षमा कुनै विनियोजन ऐनद्वार अधिकृत भएको रकमभन्दा बढी खर्च हुन गएकोछ भने ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

(२) पूरक अनुमानमा राखिएको रकम शीर्षकहरुमा निर्दिष्ट गरी पूरक विनियोजन विधेयकमा राखिनेछन् ।

६४. पेश्की खर्च : (१) यो भागमा यस अघि जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन विधेयक विचाराधीन रहेको अवस्थामा आर्थिक वर्षको निमित्त अनुमान गरिएको व्ययको कुनै अंश अगावै पेश्कीको रुपमा ऐनद्वारा खर्च गर्न सकिनेछ ।

(२) धारा ६२ मा गरिएको व्यवस्था अनुसार राजस्व र व्ययको अनुमान पेश नगरिएसम्म पेश्की खर्च विधेयक प्रस्तुत गरिने छैन र पेश्कीको रकम आर्थिक वर्षको व्यय अनुमानको तृतीयांश भन्दा अधिक हुने छैन ।

(३) पेश्की खर्च ऐन अनुसार खर्च भएको रकम विनियोजन विधेयकमा समावेश गरिनेछ ।

६५. उधारो खर्च :(१) यो भागमा यसअघि जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक कारण वा वाह्य आक्रमणको आशंका वा आन्तरिक विघ्न वा अरु कुनै कारणले गर्दा स्थानीय वा राष्ट्रव्यापी संकटको आवस्था भएमा धारा ६२ अन्तर्गत चाहिने विवरण खुलाउन अव्यावहारिक वा राज्यको सुरक्षा वा हितको दृष्टिले अवाञ्छनीय छ भन्ने कुरामा श्री ५ सन्तुष्ट होइबक्सेमा मौसूफबाट व्ययको वाञ्छनीय ठहराइबक्सेको विवरण मात्र भएको उधारो खर्च विधेयक राष्ट्रिय पञ्चायतमा प्रस्तुत गर्न लगाइबक्सनेछ ।

(२) उधारो खर्च ऐन अनुसार खर्च भएको रकम यथाशीघ्र पूरक विनियोजन विधेयकमा समावेश गरिनेछ ।

♦६६. आकस्मिक कोष : ऐनद्वारा आकस्मिक कोषका नामले एउटा कोष स्थापना गर्न सकिनेछ र सो कोषमा मन्त्रिपरिषद्को परामर्शमा श्री ५ बाट समय समयमा निधो गरिबक्से अनुसार रकम जम्मा गरिनेछ । श्री ५ बाट स्वीकृति बक्सेबमोजिम सो कोषबाट आकस्मिक कार्यका लागि खर्च गरिनेछ । त्यस्तो खर्चको रकम ऐनद्वारा यथाशीघ्र सोधभर्ना गरिनेछ ।

६७. आर्थिक कार्यविधि सम्बन्धी ऐन : ऐनद्वारा विनियोजित एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्ने कुरा र अरु आर्थिक कार्यविधि सम्बन्धी कुरा ऐनद्वारा व्यवस्थित हुन सक्नेछ ।

## ♦ भाग १०क

### पञ्चायतका वर्गीय संगठनहरु

६७क. वर्गीय संगठनहरुको व्यवस्था : (१) व्यापक राष्ट्रिय दृष्टिकोणबाट विभिन्न वर्गको हितमा सामञ्जस्य ल्याई एउटा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना गरी जनकल्याणको अभिवृद्धि गर्ने पञ्चायत प्रणालीको उद्देश्य अनुरुप विभिन्न वर्गको संगठित शक्तिलाई एकत्रित गरी राष्ट्र निर्माणको काममा लगाउन र स्थानीय पञ्चायतहरुलाई जनपरिचालनमा सघाउ पुऱ्याउन देहाय बमोजिम वर्गीय संगठनहरुको स्थापना र सञ्चालन गरिनेछ :-

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

•(क) नेपाल महिला संगठन ;

•(ख) नेपाल किसाल संगठन ;

•(ग) नेपाल युवक संगठन ;

• (घ) नेपाल प्रौढ संगठन ;

• (ङ) नेपाल मजदूर संगठन ; र

• (च) नेपाल भूतपूर्व सैनिक संगठन ।

•(२) यो धारा प्रारम्भ भएपछि हुने पञ्चायतको कुनै पनि तहको निर्वाचनका निमित्त उम्मेदवार हुने व्यक्ति उपधारा (१) बमोजिमको कुनै वर्गीय संगठनको सदस्य रहन अनिवार्य हुनेछ ।

• (३) उपधारा (१) बमोजिम वर्गीय संगठनको स्थापना गाउँ वा नगर, जिल्ला, अञ्चल र केन्द्रीय स्तरमा समेत संगठन रहने गरी तिनीहरुको गठन, काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्थित हुनेछ ।

## Π भाग १०ख

## ⌂भाग १०ग

अख्तियार दुरुपयोग निवारण आयोग

६७. अख्तियार दुरुपयोग निवारण आयोग : (१) अख्तियारको दुरुपयोग हटाउन एक अख्तियार दुरुपयोग निवारण आयोग ( यस भागमा यसपछि आयोग भनिएको ) रहनेछ जसमा प्रमुख आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य आयुक्त रहनेछन् ।

(२) प्रमुख आयुक्त र अन्य आयुक्तको नियुक्ति श्री ५ बाट चहिबक्सेमा राजसभासंग परमर्श लिई गरिबक्सनेछ ।

(३) प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ ।

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

Π संविधानको तेस्रो संशोधनद्वारा खारेज । नोट : भाग १०ख संविधानको पहिलो संशोधनद्वारा थप भई मिति २०२४/७/७ देखि प्रारम्भ भएको र दोस्रो संशोधनद्वारा संशोधन भई मिति २०३२/९/१८ देखि प्रारम्भ भएको ।

⌂ संविधानको दोस्रो संशोधनद्वारा थप भई मिति २०३४/८/१ देखि प्रारम्भ भएको ।

(४) उपधारा (३) अन्तर्गत बनेको नियमको अधीनमा रही आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा केही कुनै व्यक्ति वा कार्यालयलाई सुम्पन सक्नेछ ।

(५) प्रत्येक वर्ष आयोगले आफूले गरेको कामको प्रतिवेदन श्री ५ मा चढाउनेछ ।

६७घ. मुद्दा हेर्ने व्यवस्था : (१) अख्तियारको दुरुपयोग सम्बन्धी मुद्दा आयोग, प्रमुख आयुक्त वा आयुक्तद्वारा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सरकारी सेवामा रहेको पदाधिकारीद्वारा हेरी कारवाई किनारा हुनेछ ।

(२) उपधारा (१) बमोजिम भएको निर्णय उपर प्रधान न्यायाधीशको परामर्शमा श्री ५ बाट गठन गरिबक्सेको अदालतमा पुनरावेदन लाग्नेछ ।

(३) उपधारा (१) बमोजिम मुद्दा र उपधारा (२) बमोजिम पुनरावेदन हेर्दाको कार्यविधि श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ ।

६७ङ. बचाउ : यो संविधानको अन्य धारा वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि धारा ६७ग. र ६७घ. अन्तर्गत बनेको नियममा लेखिएका कुरामा सोही बमोजिम हुनेछ ।

## भाग ११

### सर्वोच्च अदालत

६८. सर्वोच्च अदालत :(१) नेपालको एक सर्वोच्च अदालत हुनेछ जसमा नेपालका प्रधान न्यायाधीश र कानूनद्वारा बढी संख्या नतोकिएमा अन्य छ जनासम्म न्यायाधीश रहनेछन् ।

(२) सर्वोच्च अदालत, यो संविधानको व्यवस्थाका अधीनमा रही, अभिलेख अदालत हुनेछ र त्यसले आफ्नो वा आफ्ना मातहतका अदालतको अवहेलना सम्बन्धमा कानूनले तोकेको सजाय गर्न सक्नेछ ।

६९. सर्वोच्च अदालतका न्यायाधीशहरु : (१) श्री ५ बाट चहिबक्सेमा राजसभाका उचित सम्झिबक्सेका सदस्यहरुसंग परामर्श गरी र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरुको राय पनि बुझी प्रधान न्यायाधीशलाई नियुक्त गरिबक्सनेछ र अन्य न्यायाधीशहरुलाई प्रधान न्यायाधीशसंघ परामर्श गरी नियुक्त गरिबक्सनेछ ।

♦(२) उपधारा (४) को अधीनमा रही प्रधानन्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशको पदावधि दश वर्षको हुनेछ ।

श्री ५ बाट उपयुक्त सम्झिबक्सेमा मौसूफबाट तोकिबक्सेको अवधिसम्मको लागि निजलाई अर्को पटक पनि नियुक्त गर्न सकिबक्सनेछ ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

स्पष्टीकरण - सर्वोच्च आदालतको कुनै न्यायाधीश प्रधान न्यायाधीशको पदमा नियुक्त भएमा निजको पदावधि गणना गर्दा निज सर्वोच्च अदालतको न्यायाधीश भएको अवधि समेत जोडी गणना गरिनेछ ।

⌣(२क) उपधारा (२) को अधीनमा रही प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश पैंसट्ठी वर्षको उमेर नपुगेसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर यो उपधाराको उमेरको हद वा उपधारा (२) को पदावधिमा जुन अगाडि पूरा हुन्छ सो मिति पछि  निज आफ्नो पदमा बहाल रहने छैनन् ।

⌣(२ख) यो उपधारा प्रारम्भ हुँदाका बखत बहाल रहेका प्रधान न्यायाधीश र सर्वोच्च अदालतका अन्य न्यायाधीशलाई पनि उपधारा (२) र (२क) को व्यवस्था लागू हुनेछ ।

तर उपधारा (२) बमोजिम निजहरुको पदावधि समाप्त हुने गणना गर्दा यो उपधारा प्रारम्भ भएको मितिदेखि पदावधि शुरु भएको सम्झी गणना गरिनेछ ।

♦(३) पैंतालीस वर्षको उमेर पुगेको नभई र देहाय बमोजिम नभई कुनै पनि व्यक्ति प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशको पदमा नियुक्त हुन योग्य हुने छैन :-

(क) कम्तीमा क्षेत्रीय अदालतको न्यायाधीश वा सो सरहको न्यायिक पदमा पाँच वर्ष काम गरेको नभई ;

(ख) कम्तीमा सरकारी वा गैर सरकारी अधिवक्ताको हैशियतमा सात वर्ष वकालत गरेको नभई;वा

(ग) श्री ५ को विचारमा कानूनवेत्ता नभई ।

♦(४) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीश-

(क) श्री ५ का समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन; वा

(ख) कार्यक्षमताको अभाव वा खराब आचरण भएकोले वा बदनियतसाथ काम गरेकोले आफ्नो कर्तव्य पालन नगरेको हुँदा हटाउन मनासिव छ भनी श्री ५ बाट नियुक्त गरिबक्सेको आयोगले प्रतिवेदन पेश गरेमा मौसूफबाट हटाउन सकिबक्सनेछ ।

तर त्यस्तो आरोप लागेका प्रधान न्यायाधीश वा सर्वोच्च अदालतको अन्य न्यायाधीशलाई आयोगमा आफ्नो सफाई दिनको निमित्त मनासिव मौकाबाट वञ्चितगरिने छैन ।

---

⌣ संविधानको दोस्रो संशोधनद्वारा थप ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

नोट :- धारा ६९ को उपधारा (३) को खण्ड -क) र (ख) मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको ।

(५) उपधारा (४) को खण्ड (ख) अनुसार नियुक्त आयोगलाई बयान लिने, प्रमाण बुझ्ने र आफ्नो अवहेलनाका लागि सजाय गर्ने विषयमा अदालतलाई भए सरहको अधिकार हुनेछ ।

(६) प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीशको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका अन्य न्यायाधीश आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(७) प्रधान न्यायाधीशको पद रिक्त भएमा वा अस्वस्थता वा अरु कुनै कारणले प्रधान न्यायाधीश आफ्नो पदको काम गर्न असमर्थ भएमा श्री ५ बाट तोकिबक्सेको सर्वोच्च अदालतको कुनै अन्य न्यायाधीशले कायम मुकायम प्रधान न्यायाधीश भई सो पदको काम गर्नेछन् ।

(८) श्री ५ बाट तोकिएको अवधिसम्म तोकिएको पारिश्रमिक र सुविधा पाउने गरी सर्वोच्च अदालतमा, प्रधान न्यायाधीशसंग परामर्श गरी, आवश्यक भए अनुसार अस्थायी वा अतिरिक्त न्यायाधीश नियुक्त गर्न सकिबक्सनेछ ।

तर त्यस्तो न्यायाधीश उपधारा (३) मा लेखिएको योग्यता पुगेको हुनु पर्छ ।

(९) सर्वोच्च अदालतको स्थायी न्यायाधीश भइसकेको व्यक्तिले कुनै पनि अड्डा अदालतमा उपस्थित भई वकालत गर्न हुँदैन ।

७०. सर्वोच्च अदालतको साधारण अधिकारक्षेत्र : सर्वोच्च अदालतले शुरु मुद्दा हेर्ने, [Δ]पुनरावेदन सुन्ने, साधक हेर्ने, तल्लो अदालतको [Δ]पुनरावेदन नलाग्ने मुद्दा दोहऱ्याउने समेतको अधिकारक्षेत्र कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

७१. सर्वोच्च अदालतको आमधारण अधिकारक्षेत्र : यो संविधानको [~]व्यवस्थाको अधीनमा रही भाग ३ द्वारा प्रदत्त हकका प्रचलनका लागि वा अन्य उपचारको व्यवस्था नगरिएको भए तत्काल प्रचलित अन्य कानूनद्वारा प्रदत्त हकको प्रचलनका लागि बन्दीप्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, उत्प्रेषण लगायत जो चाहिने आज्ञा, आदेश वा पूर्जी जारी गर्ने अधिकार सर्वोच्च अदालतलाई हुनेछ ।

तर यो धारामा लेखिएको कुनै कुरा [Δ]सैनिक अदालतको अधिकारक्षेत्र भित्र पर्ने विषयका सम्बन्धमा लागू हुने छैन ।

७२. सर्वोच्च अदालतले आफ्नो निर्णय आफैं बदर गर्न नहुने : सर्वोच्च अदालतले आफ्नो अन्तिम निर्णय आफैं बदर गर्न हुँदैन ।

तर सर्वोच्च अदालतले-

---

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

~ संविधानको दोस्रो संशोधनद्वारा थप ।

(क) कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नो निर्णयको Δ<u>पुनरावलोकन</u> गर्न सक्दछ; र

(ख) कानूनद्वारा निर्धारित अवधिभित्र सम्बन्धित पक्षको निवेदनपत्र परी श्री ५ बाट ≈.......न्यायिक समितिको सिफारिशमा कुनै मुद्दा (सर्वोच्च अदालतको अन्तिम निर्णय भएको) दोहऱ्याउने आदेश बक्सेमा आफ्नो अघिको निर्णय जाँची कानून बमोजिम टुङ्गो लगाउन हुन्छ ।

~७२क. <u>न्यायिक समिति</u> : न्यायिक समितिको गठन, काम, कर्तव्य अधिकार र कार्यविधि श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुनेछ ।

७३. <u>सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त मान्य हुने :</u> यो संविधान वा तत्काल प्रचलित अन्य कानूनद्वारा प्राप्त आफ्नो अधिकारक्षेत्र भित्र मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त सबै अदालतले मान्न कर लाग्नेछ ।

तर यो संविधान प्रारम्भ नहुँदै सर्वोच्च अदालतले ठहऱ्याएको कानूनी सिद्धान्त यो संविधान प्रारम्भ भएपछि सर्वोच्च अदालतका निमित्त नजीर नहुन पनि सक्दछ ।

७४. <u>न्याय सेवा आयोग</u> : o(१) प्रधान न्यायाधीश, ♦<u>कानून तथा न्याय मन्त्री वा त्यस्तो मन्त्री नियुक्त नभएको अवस्थामा मन्त्री सरह कार्यभार सम्हाल्ने कानून तथा न्याय राज्यमन्त्री</u> र लोक सेवा आयोगका अध्यक्ष भएको एक न्याय सेवा आयोग हुनेछ जसको सिफारिशमा श्री ५ को सरकारले कानून बमोजिम न्याय सेवाको राजपत्राङ्कित पदमा स्थायी नियुक्ति, सरुवा, बढुवा र सो पदका कर्मचारीलाई विभागीय सजाय गर्न सक्नेछ ।

तर सरकारी सेवामा वहाल नरहेको व्यक्तिलाई न्याय सेवाको राजपत्राङ्कित पदमा नयाँ भर्नाद्वारा स्थायी नियुक्ति गर्दा वा न्याय सेवाको राजपत्र अनङ्कित पदबाट राजपत्राङ्कित पदमा बढुवा गर्दा श्री ५ को सरकारले लोक सेवा आयोगसंग परामर्श लिनु पर्दछ ।

(२) न्याय सेवा आयोगको अरु अधिकार, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

## भाग १२

### <u>महालेखा परीक्षक</u>

७५. <u>महालेखा परीक्षक</u> :(१) नेपालका एक महालेखा परीक्षक हुनेछन् जसलाई श्री ५ बाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी नियुक्त गरिबक्सनेछ ।

---

≈ संविधानको दोस्रो संशोधनद्वारा झिकिएको ।

~ संविधानको दोस्रो संशोधनद्वारा थप ।

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

(२) •महालेखा परीक्षक नियुक्त भएको मितिले ६ वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर,

(क) ♦श्री ५ समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मक्त हुनेछन् ; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिनेछ ।

(३) महालेखा परीक्षकको ∅.....पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी ∅.....पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(४) महालेखा परीक्षक भइसकेको व्यक्ति □श्री ५ बाट नियुक्त गरिबक्सने पदमा बाहेक अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।

७६. महालेखा परीक्षकको काम र अधिकारः •(१) सर्वोच्च अदालत, राष्ट्रिय पञ्चायत, राजसभा, अख्तियार दुरुपयोग निवारण आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता तथा अन्य संवैधानिक अङ्गका कार्यालय र सबै सरकारी कार्यालय, अदालत एवं श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा कानूनद्वारा निर्धारित तरीका बमोजिम महालेखा परीक्षकबाट नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी लेखा परीक्षण हुनेछ । महालेखा परीक्षक र निजका सहायकहरुलाई त्यस्तो लेखासम्बन्धी सबै कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ ।

•(२) उपधारा (१) अनुसार महालेखा परीक्षकले लेखा परीक्षण गर्ने लेखा, सम्बन्धित कानूनका अधीनमा रही तोकिएको ढाँचामा राखिनेछ । त्यसरी ढाँचा नतोकिएसम्म साविक बमोजिमको ढाँचा नै कायम रहेनछ ।

(३) महालेखा परीक्षकले गर्ने लेखासंग सम्बन्धित अरु काम कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ र त्यस्तोमा निजले सम्बन्धित कानूनद्वारा प्राप्त अधिकार प्रयोग गर्न सक्नेछन् ।

---

● संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

∅ संविधानको तेस्रो संशोधनद्वारा झिकिएको ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।



नेपाल कानून आयोग

(४) यस धारा बमोजिम आफूले गरेको कामको वार्षिक [Δ]प्रतिवेदन महालेखा परीक्षकले श्री ५ मा चढाउने छन् र मौसूफबाट त्यस्तो [Δ]प्रतिवेदन राष्ट्रिय पञ्चायत समक्ष राख्न लगाइबक्सनेछ ।

## भाग १३

### लोक सेवा आयोग

७७. लोक सेवा आयोग : (१) नेपालको एक लोक सेवा आयोग हुनेछ र त्यसमा श्री ५ बाट तोकिबक्से जति सदस्य रहनेछन् जसमध्ये श्री ५ बाट तोकिबक्सेका एक सदस्य आयोगका अध्यक्ष हुनेछन् ।

(२) लोक सेवा आयोगमा कम्तीमा तीन खण्डको एक खण्ड सदस्य बहाल हुनुभन्दा ठीक पाँच वर्ष अघिसम्म सरकारी सेवामा नरहेका व्यक्ति हुनेछन् ।

(३) श्री ५ बाट राजसभासंग चाहिबक्सेमा परामर्श गरी लोक सेवा आयोगका सदस्य नियुक्त गरिबक्सनेछ ।

[♦](४) लोक सेवा आयोगका सदस्य नियुक्त भएका मितिले छ वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर-

(क) श्री ५  का समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन् ; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिनेछ ।

(५) [≈]...........

(६) लोक सेवा आयोगको सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । लोक सेवा आयोगका सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

(७) लोक सेवा आयोगको सदस्य भइसकेका व्यक्ति [□]श्री ५ बाट नियुक्त गरिबक्सने पदमा बाहेक अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैनन् ।

७८. लोक सेवा आयोगको काम : (१) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्छ :-

---

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।
नोट : धारा ७६ को उपधारा (१) मा संविधानको पहिलो संशोधनद्धारा पनि संशोधन भएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

≈ संविधानको दोस्रो संशोधनद्वारा झिकिएको ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप ।

(क) निजामती सेवाका शर्त सम्बन्धी कानूनको विषयमा ;

•(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाई गर्दा अपनाउनु पर्ने समान्य सिद्धान्तको विषयमा

•(ग) निजामती पदमा छ महीनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा;

(घ) कुनै एक प्रकारको निजामती सेवाबाट अर्को प्रकारको निजामति सेवामा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा ; र

(ङ) Δराजपत्राङ्कित निजामति कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।

तर यो संविधान बमोजिम-

(१) न्याय सेवा आयोगको अधिकार र कर्तव्यका विषयमा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ; र

(२) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढूवा गर्दा लोक सेवा आयोगको परामर्श लिनु पर्छ ।

o(२) निजामती पदमा लोक सेवा आयोगको परामर्श बिना अब उप्रान्त नयाँ भर्नाद्वारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले Δनिवृत्तभरण पाउन सक्ने छैन ।

(३) जुनसुकै सरकारी सेवा वा पदको विषयमा श्री ५ बाट लोकसेवा आयोगको परामर्श लिन सकिबक्सनेछ ।

♦(३क) श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ । नियम र सामान्य सिद्धान्त बमोजिम गरे नगरेको लोक सेवा आयोगले सुपर्यवेक्षण गर्न सक्नेछ ।

(४) यो धाराको तात्पर्यका लागि सैनिक Δअधिकृत वा जवान, Δप्रहरी कर्मचारी र श्री ५ बाट निजामती पद होइन भनी∅.....तोकिबक्सेको पदमा नियुक्त कर्मचारी बाहेक श्री ५ को सरकारका अरु

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित ।
Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।
o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।
♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।
∅ संविधानको तेस्रो संशोधनद्वारा झिकिएको ।

सबै कर्मचारीलाई निजामती कर्मचारी र त्यस्ता कर्मचारीको सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।

♣(४क) लोक सेवा आयोगले यो धारा बमोजिम गर्नु पर्ने काम मध्ये कुनै काम आफ्ना कुनै सदस्य वा श्री ५ को सरकारका कर्मचारीलाई तोकेको शर्तका अधीनमा रही गर्ने गरी सुम्पन सक्नेछ ।

(५) यो धाराका व्यवस्थाका अधीनमा रही लोक सेवा आयोगको कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

(६) प्रत्येक वर्ष लोक सेवा आयोगले आफूले गरेका कामको ^Δप्रतिवेदन श्री ५ मा चढाउनेछ र मौसूफबाट त्यस्तो ^Δप्रतिवेदन राष्ट्रिय पञ्चायतको समक्ष राख्न लगाईबक्सनेछ । लोक सेवा आयोगको परामर्श स्वीकार नगरिएको कुनै कुरा भए त्यसको कारण समेत खोलिएको ज्ञापनपत्र पनि त्यस्तो ^Δप्रतिवेदनको साथै राष्ट्रिय पञ्चायतमा श्री ५ बाट पठाउन लगाईबक्सनेछ ।

## ♣भाग १३क

### निर्वाचन आयोग

७८क. निर्वाचन आयोग : (१) नेपालको एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य निर्वाचन आयुक्त रहनेछन् ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति श्री ५ बाट चाहिबक्सेमा राजसभासंग परामर्श गरी गरिबक्सनेछ ।

(३) निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निवार्चन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछन् ।

♦(४) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदावधि पूरा नभएसम्म बहाल रहनेछन् ।

तर-

(क) श्री ५ को समक्ष पेश गरेको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन् ; वा

(ख) सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरीकाले निजलाई सो पदबाट हटाउन सकिनेछ ।

---

धारा ७८ को उपधारा (३क) संविधानको पहिलो संशोधनद्वारा थप भएको ।

♣ संविधानको पहिलो संशोधनद्वारा थप ।

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

≈(५).............

(६) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि □६ वर्षको हुनेछ र निजहरुको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैनन् ।

७८ख. निर्वाचन आयोगको काम र अधिकार :♦(१) यो संविधान र प्रचलित अन्य कानून बमोजिम विभिन्न तहका पञ्चायतको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।

♦(२) उपधारा (१) बमोजिम निर्वाचन गर्दा गराउँदा कुनै तल्लो तहको पञ्चायतको कुनै पदमा निर्वाचन नहुँदै कुनै माथिल्लो तहको पञ्चायतको निर्वाचन भएको कारणले मात्र सो निर्वाचन बदर हुने छैन ।

(३) निर्वाचन विशेष अदालतको गठन र त्यसका सदस्यहरुको नियूक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गरिनेछ ।

(४) निर्वाचन आयोगले यो धारा बमोजिमको आफ्नो अधिकार तथा कर्तव्य मध्ये कुनै अधिकार तथा कर्तव्य प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा श्री ५ को सरकारका कर्मचारीलाई तोकेका शर्तका अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

(५) यो संविधानमा लेखिए बाहेक निर्वाचन आयोगको अरु अधिकार, कर्तव्य तथा कार्यविधि कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

७८ग. Π.......

## भाग १४

### Δमहान्यायाधिवक्ता

७९. Δमहान्यायाधिवक्ता : (१) नेपालका एक Δमहान्यायाधिवक्ता हुनेछन् जसलाई श्री ५ बाट नियुक्त गरिबक्सनेछ ।

(२) सर्वोच्च अदालतको न्यायाधीश हुन सक्ने योग्यता नभई कुनै पनि व्यक्ति Δमहान्यायाधिवक्ताको पदमा नियुक्त हुने छैन ।

---

≈ संविधानको दोस्रो संशोधनद्वारा झिकिएको ।
□ संविधानको तेस्रो संशोधनद्वारा थप ।
♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।
Π संविधानको तेस्रो संशोधनद्वारा खारेज । नोट : धारा ७८ग संविधानको दोस्रो संशोधनद्वारा थप भएको ।
Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

•(३) महान्यायाधिवक्ता नियुक्त भएको मितिले ६ वर्षसम्म आफ्नो पदमा बहाल रहनेछन् ।

तर देहायको अवस्थामा निज आफ्नो पदबाट मुक्त हुनेछन् :-

(क) श्री ५ का समक्ष पेश गरिएको लिखित राजीनामा मौसूफबाट स्वीकृत भएमा ; वा

(ख) श्री ५ बाट हटाइबक्सेमा ।

•(४) महान्यायाधिवक्ताको पारिश्रमिक र सेवाका अन्य शर्त कानूनद्वारा निर्धारित हुनेछ । त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिवक्से बमोजिम हुनेछ ।

८०. Δमहान्यायाधिवक्ताको काम :संवैधानिक र कानूनी विषयमा राय सल्लाह मागिएमा श्री ५ , श्री ५को सरकार वा श्री ५ बाट तोकिवक्सेका अन्य अधिकारीलाई राय सल्लाह दिनु र यो संविधान वा तत्काल प्रंचलित अन्य कानून बमोजिम Δमहान्यायाधिवक्तालाई तोकिएको अरु काम गर्नु Δमहान्यायाधिवक्ताको कर्तव्य हुनेछ । □उक्त काम गर्दा महान्यायाधिवक्तालाई अधिराज्यको सबै अदालतमा उपस्थित हुने अधिकार हुनेछ ।

## भाग १५

### □विशेष परिस्थिति तथा संकटकालीन अधिकार

↔८१. विशेष परिस्थितिमा मन्त्रिपरिषद्को गठन :(१) यो संविधानको अन्य धारामा जुनसुकै कुरा लेखिएको भए तापनि प्रधान मन्त्रीको राजीनामा स्वीकृत भएमा वा निज आफ्नो पदमा छँदै मृत्यु भएमा वा अन्य कुनै कारणले निजको पद रिक्त हुन आएको अवस्थामा तत्काल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएको अवस्था परेमा श्री ५ बाट मन्त्रिपरिषद्को कार्य सञ्चालनको लागि आवश्यकता अनुसार मौसूफबाट उपयुक्त सम्झिबक्सेको आवश्यक व्यवस्था गरिबक्सन सकिबक्सनेछ । तर त्यस्तो व्यवस्था तीन महीनाभन्दा बढी रहने छैन ।

(२) उपधारा (१) मा उल्लेख नगरिएका अरु नै कारणवश तत्काल विशेष परिस्थिति उत्पन्न भएकोछ भन्ने कुरामा श्री ५ बाट चाहिबक्सेमा राष्ट्रिय पञ्चायतको निर्देशक समिति तत्काल कायम रहेछ भने सो समितिका सदस्यहरु र राजसभा स्थायी समितिका सदस्यहरुसंग परामर्श गरिबक्सी देहायका कुराहरु गरिबक्सन सकिबक्सनेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित हुनेछ :-

---

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको

↔ संविधानको तेस्रो संशोधनद्वारा साविक धारा ८१ लाई ८१क गरी धारा ८१ थप गरिएको । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।

(क) धारा २५, २६, २६क, २७, २८ र २९ मात्र निलम्बन गरिबक्सन वा आवश्यकतानुसार धारा २५, २६, २६क, २७, २८ र २९ लाई निलम्बन गरी राष्ट्रिय पञ्चायत समेतलाई विघटन गरिबक्सन र पुन : अर्को निर्वाचन गराइबक्सन समेत सकिबक्सनेछ । सो गर्न चाहिने व्यवस्थाका लागि यो धारा बाहेक यो संविधानका अन्य कुनै आवश्यक धारा वा सो धाराका कुनै कुरा निलम्बन गरिबक्सन सकिबक्सनेछ ।

(ख) खण्ड (क) अनुसार निलम्बित वा विघटन भएको निकाय वा पदाधिकारीमा निहीत वा ती द्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसूफबाट ग्रहण गरिबक्सन सकिबक्सनेछ वा मौसूफबाट तोकिबक्से बमोजिम हुनेछ ।

(३) उपधारा (२) बमोजिमको आदेश लागू रहेसम्म मौसूफबाट देहाय बमोजिमको व्यवस्था गरिबक्सन सकिबक्सनेछ ।

(क) श्री ५ बाट चाहिबक्सेमा राजसभा स्थायी समितिसंग परामर्श गरिबक्सी मन्त्रिपरिषद्बाट गरिने काम कारवाही मौसूफबाट तोकिबक्से बमोजिम सञ्चालन गरिबक्सने व्यवस्था ; र

(ख) श्री ५ बाट चाहिबक्सेमा आवश्यकता अनुसार प्रधान मन्त्री, उपप्रधान मन्त्री, मन्त्री, राज्य मन्त्री र सहायक मन्त्री नियुक्त गरिबक्सने व्यवस्था ।

(४) उपधारा (३) बमोजिम नियुक्त व्यक्तिहरुको अवस्था देहाय बमोजिम हुनेछ :-

(क) आफूलाई सुम्पिएको विभागीय कार्यभार वा कामको लागि श्री ५ प्रति उत्तरदायी हुनेछन् ;

(ख) श्री ५ को इच्छानुसारको अवधिसम्म आफ्नो पदमा वहाल रहनेछन् ;

(ग) राष्ट्रिय पञ्चायत विघटन नभएको अवस्थामा राष्ट्रिय पञ्चायत र सो अन्तर्गतका समितिहरुमा उपस्थित हुन र काम कारवाहीमा भागलिन सक्ने छन् । तर राष्ट्रिय पञ्चायतको सदस्य रहनेछन् भने मत दिन पाउने छैनन् ; र

(घ) श्री ५ बाट तोकिबक्से बमोजिम पारिश्रमिक पाउनेछन् ।

(५) उपधारा (२) अनुसारको विशेष परिस्थिति विद्यमान छैन भनी श्री ५ सन्तुष्ट होइबक्सेमा मौसूफबाट अर्को आदेशद्वारा उपधारा (२) अनुसार जारी गरिबक्सेको आदेश खारेज गरिबक्सन सकिबक्सनेछ ।

→८१क. संकट कालीन अधिकार : (१) श्री ५ को विचारमा नेपालको सम्पूर्ण वा कुनै भागको सुरक्षालाई युद्ध, वाह्य-आक्रमण वा आन्तरिक उपद्रवको खतरा परी गम्भीर संकट उत्पन्न भएकोछ भनी मौसूफलाई लागेमा मौसूफबाट सो कुराको घोषणा गरी देहायका कुराहरु गर्न सकिबक्सनेछ :-

(क) यो धारा बाहेक यस संविधानको सबै वा कुनै धारा वा सो धाराका कुनै कुरा निलम्बित गर्न ; र

(ख) राष्ट्रिय पञ्चायत वा अन्य कुनै सरकारी निकाय वा •पदाधिकारीमा निहित वा ती द्वारा प्रयोग हुने सबै वा कुनै अधिकार मौसूफले नै ग्रहण गरिबक्सन ।

(२) उपधारा (१) अन्तर्गतको कुनै पनि घोषण अर्को घोषणाद्वारा परिवर्तित वा खारेज हुन सक्नेछ र श्री ५ बाट राष्ट्रिय पञ्चायतको निर्देशक □समिति तत्काल कायम रहेछ भने सो समितिका सदस्यहरु र राजसभाको स्थायी समितिका सदस्यहरुसंग चाहिबक्सेमा परामर्श गरी गम्भीर संकटकालीन परिस्थिति अब विद्यमान छैन भनी मौसूफ सन्तुष्ट होइनबक्सेसम्म त्यस्तो घोषणा चालू रहनेछ ।

(३) यस धारा अन्तर्गत अधिकार ग्रहण गरी श्री ५ बाट बनाइबक्सेको कानून उपधारा (२) बमोजिम घोषणा कायम नरहेको ६ महीनापछि यो संविधानको अन्य धारासंग बाझिए जति स्वतः निष्क्रिय हुनेछन् ।

## भाग १६

### संविधान संशोधन

८२. संविधान संशोधन : (१) यो संविधानको संशोधन श्री ५ बाट शाही घोषणाद्वारा हुन सक्नेछ ।

♦(२) श्री ५ बाट उपधारा (१) अन्तर्गतको अधिकारको प्रयोग विशेष समितिसंग परामर्श लिई गरिबक्सनेछ ।

♦३) उपधारा (२) बमोजिमको विषेश समितिमा देहायका सदस्यहरु रहनेछन् । :-

(क) राजसभा स्थायी समितिका सदस्यहरु ; र

(ख) राष्ट्रिय पञ्चायतको निर्देशक □समिति तत्काल कायम रहेछ भने सो समितिका सदस्यहरु ।

(४) उपधारा (३) बमोजिमको विशेष समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले सो समितिको बैठकको सभापतित्व गर्नेछ ।

---

→ संविधानको तेस्रो संशोधनद्वारा साविक धारा ८१ लाई ८१क गरी मिलाएको ।

• संविधानको तेस्रो संशोधनद्वारा संशोधित । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।

□ संविधानको तेस्रो संशोधनद्वारा थप । यो संशोधन श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

(५) यस धारा अन्तर्गत श्री ५ बाट शाही घोषणाद्वारा गरिबक्सेको संशोधन यो संविधानको अभिन्न अङ्ग हुनेछ ।

## भाग १७

### विविध

♦८३. शाही नेपाली सेनाको परमाधिपत्य : शाही नेपाली सेनाको परमाधिपत्य श्री ५ मा रहेकोछ ।

♣८३क. प्रधान सेनापति : (१) ♦शाही नेपाली सेनाको प्रधान सेनाधिपतिको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।

(२) प्रधान सेनापतिको काम, कर्तव्य, अधिकार तथा सेवा शर्त कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

८४. माफी : श्री ५ बाट कुनै पनि न्यायाधिकारी वा विशेष अदालत वा ऐनद्वारा नियुक्त अधिकारीद्वारा दिइएको दण्डादेशलाई माफी, मुलतबी, परिवर्तन वा कम गर्न सकिबक्सनेछ ।

तर यस धारा अन्तर्गत श्री ५ बाट अधिकार प्रयोग गरिबक्सँदा उपयुक्त ठहराइबक्से राजसभासंग परामर्श गरिबक्सनेछ ।

८५. उपाधि, सम्मान र विभूषण : (१) उपाधि, सम्मान र विभूषणहरु श्री ५ बाट मात्र प्रदान हुनेछन् ।

(२) श्री ५ बाट स्वीकृति लिएर बाहेक नेपालको नागरिकले कुनै अन्य देशले दिएको उपाधि, सम्मान वा विभूषण ग्रहण गर्न हुँदैन ।

८६. ↑.........

♣८६क. अञ्चलाधीश : (१) नेपालको प्रत्येक अञ्चलमा एक अञ्चलाधीश रहनेछन् ।

(२) अञ्चलाधिशको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।

(३) अञ्चलाधिशको काम, कर्तव्य र अधिकार कानूनद्वारा निर्धारित भए बमोजिम हुनेछ ।

८६ख. ÿ .........

♣८६ग. शाही नेपाली राजदुत र विशेष प्रतिनिधि : शाही नेपाली राजदूत र विशेष प्रतिनिधिको नियुक्ति श्री ५ बाट गरिबक्सनेछ ।

---

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।

♣ संविधानको पहिलो संशोधनद्वारा थप ।

↑ ~संविधानको दोस्रो संशोधनद्वारा धारा ८६ लाई धारा २२क. मा स्थानान्तरित ।
नोट :- धारा ८६ मा संविधानको पहिलो संशोधनद्वारा पनि संशोधन भएको ।

ÿ संविधानको दोस्रो संशोधनद्वारा खारेज ।

○ संविधानको पहिलो संशोधनद्वारा थप ।

□८६घ. वार्षिक प्रतिवेदन : यो संविधानको अन्य धारा तथा प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रिपरिषद् बाहेक अन्य संवैधानिक सबै अङ्गहरुले प्रत्येक वर्ष आ-आफ्नो निकायको वार्षिक प्रतिवेदन साधारणत : ज्येष्ठ महीनाभित्र श्री ५ का हजूरमा चढाउनु पर्नेछ ।

८७. अदालतमा सवाल जवाफ नहुने : श्री ५ बाट मौसूफको अधिकार प्रयोग गरिबक्सेकोमा वा मौसूफको कर्तव्य पालन गरिबक्सेकोमा वा मौसूफबाट गरिबक्सेका अरु कुनै काममा सम्बन्धमा कुनै अदालतमा सवाल जवाफ गरिने छैन ।

तर यो धाराको कुनै कुराले श्री ५ को सरकार वा श्री ५ का कुनै कर्मचारीको विरुद्ध कारवाई चलाउन पाउने कानूनले दिएको अधिकारलाई सीमित गरेको सम्झिने छैन ।

८८. श्री ५ को कर्मचारीको सेवाको अवधि : यो संविधानद्वारा अन्यथा व्यवस्था भएकोमा बाहेक श्री ५ का कर्मचारी श्री ५ को इच्छानुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछन् । तर निजहरुको सेवाको शर्त कानूनद्वारा व्यवस्थित हुनेछ ।

८९. शपथ : श्री ५ का कर्मचारीहरुले श्री ५ प्रति मौसूफबाट निर्धारित रुपमा श्रद्धा, निष्ठा र बफादारीको शपथ लिनु पर्नेछ ।

~ ९०क. बाधा अडकाउ फुकाउने अधिकार : यो संविधान कार्यान्वित गर्न कुनै बाधा अडकाउ परेमा सो बाधा अडकाउ फुकाउन श्री ५ बाट आवश्यक सम्झिबक्सेको आदेश जारी गर्न सकिबक्सनेछ र त्यस्तो आदेश यसै संविधानमा परे सरह मानिनेछ ।

## भाग १८

### परिभाषा र व्याख्या

९१. परिभाषा र व्याख्या : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा -

(क) "धारा" भन्नाले यो संविधानको धारा सम्झनुपर्छ;

(ख) "विधेयक" भन्नाले श्री ५ मा स्वीकृतिको निमित्त पेश हुने ऐनको मसौदालाई सम्झनु पर्छ ।

(ग) "नागरिक" भन्नाले नेपालको नगरिक सम्झनुपर्छ;

(घ) "नेपाल" भन्नाले नेपाल अधिराज्य सम्झनुपर्छ;

(ङ) "समावेदन" भन्नाले त्यस्तो समावेदन पेश गर्ने व्यक्तिको सही परेको लिखत सम्झनुपर्छ ; र

---

□ संविधानको तेस्रो संशोधनद्वारा थप । यो धारा श्री ५ बाट नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा तोकिबक्सेको मिति देखि प्रारम्भ हुनेछ भनिएकोमा मिति २०३८।१।२९ देखि प्रारम्भ भएको ।

नोट : धारा ८६क र धारा ८६ख पहिलो संशोधनद्धारा थप भई मिति २०२४/४/१ देखि प्रारम्भ भएको ।

~ संविधानको दोस्रो संशोधनद्वारा थप ।

(च) "पारिश्रमिक" भन्नाले तलब, भत्ता ^Δ^निवृत्तभरण र जिन्सीको रुपमा दिइने अरु कुनै तरहको पारिश्रमिक समेत सम्झनुपर्छ ।

(२) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस संविधानमा व्यक्त भएका कुराहरुको अधीनमा रही नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० नेपाल कानूनको व्याख्यामा लागू भए सरह यस संविधानको व्याख्यामा पनि लागू हुनेछ ।

## भाग १९

### संक्रमणकालीन प्रवन्ध

९२. वर्तमान कानून लागू रहने :यो संविधान प्रारम्भ हुनु अगाडिसम्म लागू रहेको सबै कानून, ऐनद्वारा खारेज वा संशोधन नभएसम्म लागू रहेको रुपमा चालू रहनेछ ।

तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

९३. राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशन नभएसम्म कानून बनाउने :यो संविधान प्रारम्भ भएपछि र राष्ट्रिय पञ्चायतको प्रथम अधिवेशन शुरु नभएसम्मको अवधिमा यो संविधान बमोजिम व्यवस्थापिका सम्बन्धी सम्पूर्ण अधिकार श्री ५ बाट स्वयं प्रयोग गरी आवश्यक ऐन बनाउन सकिबक्सनेछ र त्यस्तो ऐन अन्तर्गतको कानून सरहको नियम, आदेश वा उपनियम सोही ऐनमा तोकिएका अधिकारीले आवश्यकतानुसार बनाउन सक्नेछ ।

९४. सर्वोच्च अदालत, लोकसेवा आयोग, इत्यादि बारेको व्यवस्था :यो संविधान प्रारम्भ हँदाको अघिल्ला दिनसम्म रहेको सर्वोच्च अदालत र त्यसमा नियुक्त सबै न्यायाधीशहरु, लोक सेवा आयोग र त्यसमा नियुक्त सबै सदस्यहरु, नियुक्त महालेखा परीक्षक र Δमहान्यायाधिवक्ता यो संविधान प्रारम्भ भएपछि यसै बमोजिम रहेका वा नियुक्त भएका मानिनेछन् ।

तर त्यस्ता सबै पदाधिकारीहरुको कार्यकाल यो संविधान प्रारम्भ हुनु भन्दा अघि निर्धारित भए बमोजिमको हुनेछ र राष्ट्रिय पञ्चायत गठन नहुँदैको अवस्थामा यो संविधान वा तत्काल प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ बाट आवश्यक सम्झिबक्सेमा त्यस्ता कुनै पदाधिकारीलाई सरुवा गर्न वा हटाउन सकिबक्सनेछ ।

९५. मन्त्रिपरिषद्, मन्त्रीहरु र सहायक मन्त्रीहरु बारेको व्यवस्था : यो संविधान प्रारम्भ भएपछि र राष्ट्रिय पञ्चायतको गठन भई अर्को मन्त्रिपरिषद् नबनेसम्म यो संविधान प्रारम्भ हुँदाका बखतको मन्त्रिपरिषद् यो संविधान अन्तर्गतको मन्त्रिपरिषद् मानिनेछ ।

तर श्री ५ बाट आवश्यक सम्झिबक्सेमा सो अवधिमा मन्त्रीहरु र सहायक मन्त्रीहरुमा हेरफेर गर्न सकिबक्सनेछ ।

---

Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।

९६. ÿ .... .... ....

## भाग २०

### संक्षिप्त नाम र प्रारम्भ

९७. संक्षिप्त नाम र प्रारम्भ : (१) यो संविधानलाई नेपालको संविधान भनिनेछ ।

(२) यो संविधान सम्वत् २०१९ साल पौष १ गते रोज १ देखि प्रारम्भ हुनेछ ।

नेपाल कानून आयोग

ÿ संविधानको दोस्रो संशोधनद्वारा खारेज ।

# अनुसूची १

## (धारा ५ संग सम्बन्धित)

### राष्ट्रिय झण्डा

(क) किनाराभित्रको आकार बनाउने तरीका

(१) एउटा सिम्रिक रङ्गको रातो कपडामा तल्लो भागमा चहिएको जति लम्बाईको रेखा बायाँबाट दाहिनेतिर खिच्ने र यसलाई क ख नाम राख्ने ।

(२) क बाट सीधा माथि ग सम्म क ख को लम्बाई जतिमा क ख कै तृतीयांश थप्दा जति हुन्छ त्यति लामो हुने गरी क ग रेखा खिच्ने । क ग मा क ख को लम्बाई जति लिई घ चिन्हो लगाउने । ख र घ जोड्ने ।

(३) ख घ रेखामा ख बाट क ख जति लिई ङ चिन्हो लाउने ।

(४) ङ हुँदै क ख को समानान्तर पारेर क ग मा पर्ने विन्दु च बाट शुरु गरी दाहिनेतिर छ सम्म क ख को लम्बाई जति रेखा खिच्ने ।

(५) ग र छ लाई जोड्ने ।

(ख) चन्द्र बनाउने तरिका

(६) क ख को चतुर्थांश जति क बाट दाहिनेमा ज चिन्हो लाउने र त्यहाँबाट माथि क ग को समानान्तर पारेर ग छ लाई झ मा छुने रेखा खिच्ने ।

(७) ग च को आधा ञ बाट क ख को समानान्तर पारेर रेखा दायाँतिर खिची ग छ लाई ट मा छुने ।

(८) ञ ट र ज झ रेखा काटिएको ठाउँमा ठ चिन्हो राख्ने ।

(९) ञ र छ जोड्ने ।

(१०) ञ छ र ज झ काटिएको विन्दुमा ड चिन्हो लाउने ।

(११) ड लाई केन्द्र मानी ख घ रेखालाई न्यूनतम अन्तर पर्ने गरी स्पर्श गर्दा हुने जति दूरी पर्ने गरी ज झ रेखाको तल्लो भागमा ढ चिन्हो लगाउने ।

(१२) ड मा छोई क ख को समानान्तर रेखा बायाँबाट दायाँतिर खिच्ने र यसले क ग लाई छोएको विन्दुको नाम ण राख्ने ।

(१३) ठ केन्द्र लिएर ठ ढ व्यासार्द्धले तल्लो भागमा वृत्त खण्ड खिच्ने र ण ड बाट गएको रेखालाई यसले छोएको दुवै ठाँउमा क्रमशः त र थ नाम राख्ने ।

(१४) ड लाई केन्द्र मानी ड थ व्यासार्द्धले तल्लो भागमा अर्ध वृत्ताकार त थ लाई छुने गरी खिच्ने ।

(१५) ढ केन्द्र मानी ढ ड को व्यासार्द्धले त ढ थ वृत्त खण्डको दुवैतर्फ छुने गरी वृत्त खण्ड खिच्ने र यसले त ढ थ लाई छोएको विन्दुहरुको नाम क्रमशः द र ढ राख्ने । द ध लाई जोड्ने । द ढ र ज झ काटिएको विन्दुको नाम न राख्ने ।

(१६) न लाई केन्द्र मानेर व्यासार्द्ध न ध ले त ढ थ को माथिल्लो भागमा दुवै ठाँउमा छुने गरी अर्ध वृत्ताकार खिच्ने ।

(१७) न लाई केन्द्र मानेर व्यासार्द्ध न ड ले त ढ थ को माथिल्लो भागमा दुवै ठाँउमा छुने गरी वृत्त खण्ड खिच्ने ।

(१८) यो अनुसूचीको नं (१६) को अर्ध वृत्ताकार भित्र र नं (१७) को वृत्त खण्ड बाहिर चन्द्रमाको आठवटा बराबरका कोण बनाउने ।

(ग) सूर्य बनाउने तरीका

(१९) क च को आधा प बाट क ख को समानान्तर पारेर ख ङ मा छुने गरी प फ रेखा खिच्ने ।

(२०) ज झ र प फ काटिएको विन्दु व केन्द्र मानेर ड ढ को व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।

(२१) ब लाई केन्द्र मानेर ठ ढ व्यासार्द्धले वृत्ताकार पूरा खिच्ने ।

(२२) यो अनुसूचीको नं (२०) को वृत्ताकार बाहिर र यो अनुसूचीको नं.(२१) को वृत्ताकारभित्र परेको गोल घेराको बीच भागमा सूर्यको बाह्रवटा बराबरका कोणहरु दुई चुच्चाहरुले ज झ रेखामा छुने गरी बनाउने ।

(घ) किनारा बनाउने तरीका

(२३) न ठ को चौडाइ जति गाढा नीलो रङ्गको किनारा झण्डाको आकारको बाहिरि सबैतिरको सीमामा थप्ने, तर झण्डाको पाँच कोणहरुमा चाहिँ बाहिरी कोणहरु पनि भित्रै सरहका बनाउने ।

(२४) झण्डा डोरी लगाई प्रयोग गरेमा माथि बताइएकै पट्टि राख्ने । झण्डा लट्ठीमा घुसार्ने हो भने क ग पट्टि आवश्यक परे जति किनारा चौडयाउने । डोरी वा लट्ठीको प्रयोगमा क ग को पट्टिमा प्वाल राख्ने ।

स्पष्टीकरण :- झण्डा बनाउँदा खिचिएका ज झ द ध, च ङ, ङ घ, ञ छ, ण थ, ञ ट र प फ रेखाहरु कल्पित हुन् । त्यस्तै सूर्यका बाहिरी र भित्री वृत्ताकारहरु तथा खुर्पे चन्द्र बाहेक अरु वृत्त खण्ड पनि कल्पित हुन् । यिनलाई झण्डामा देखाइँदैन ।

# अनुसूची २

(धारा ६ को उपधारा (१) संग सम्बन्धित)

## राष्ट्रिय गान

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी भूपति
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति
राखून् चिरायु ईशले, प्रजा फैलियोस् पुकारौँ जय प्रेमले
[o]हामी नेपाली साराले ।
वैरी सारा हराउन् शान्त होउन् सबै विघ्न व्यथा,
गाउन् सारा दुनियाले सहर्ष नाथको सुकीर्तिकथा,
राखौँ [Δ]शासन, भारी वीरताले, नेपालमाथि सँधै नाथका
श्री होस् ठूलो हामी नेपालीको ।

o संविधानको पहिलो संशोधनद्वारा संशोधित ।
Δ संविधानको पहिलो संशोधनद्वारा रुपान्तर गरिएको ।



नेपाल कानून आयोग

# अनुसूची ३

( धारा ६ उपधारा (३) संग सम्बन्धित )

## नेपालको निसाना-छाप




नेपाल कानून आयोग

# ♦अनुसूची ४

( धारा ३४ को उपधारा (२) को खण्ड (क) संग सम्बन्धित )

## राष्ट्रिय पञ्चायतमा निर्वाचित हुने सदस्य-संख्या

| | | |
|---|---|---|
| १. | मेची अञ्चल | सदस्य-संख्या |
| | (१) ताप्लेजुङ्ग जिल्ला | १ जना |
| | (२) पाँचथर जिल्ला | १ जना |
| | (३) इलाम जिल्ला | २ जना |
| | (४) झापा जिल्ला | २ जना |
| २. | कोशी अञ्चल | |
| | (१) संखुवासभा जिल्ला | १ जना |
| | (२) तेह्रथुम जिल्ला | १ जना |
| | (३) धनकुटा जिल्ला | १ जना |
| | (४) भोजपुर जिल्ला | २ जना |
| | (५) मोरङ्ग जिल्ला | २ जना |
| | (६) सुनसरी जिल्ला | २ जना |
| ३. | सगरमाथा अञ्चल | |
| | (१) सोलुखुम्बु जिल्ला | १ जना |
| | (२) ओखलढुङ्गा जिल्ला | १ जना |
| | (३) खोटाङ्ग जिल्ला | २ जना |
| | (४) उदयपुर जिल्ला | १जना |
| | (५) सप्तरी जिल्ला | २ जना |
| | (६) सिराहा जिल्ला | २ जना |
| ४. | जनकपुर अञ्चल | |
| | (१) दोलखा जिल्ला | १ जना |

♦ संविधानको दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | (२) रामेछाप जिल्ला | २ जना |
| | (३) सिन्धुली जिल्ला | १ जना |
| | (४) धनुषा जिल्ला | २ जना |
| | (५) महोत्तरी जिल्ला | २ जना |
| | (६) सर्लाही जिल्ला | २ जना |
| ५. | बागमती अञ्चल | |
| | (१) रसुवा जिल्ला | १ जना |
| | (२) धादिङ्ग जिल्ला | २ जना |
| | (३) नुवाकोट जिल्ला | २ जना |
| | (४) सिन्धुपाल्चोक जिल्ला | २ जना |
| | (५) काभ्रेपलाञ्चोक जिल्ला | २ जना |
| | (६) काठमाडौं जिल्ला | २ जना |
| | (७) भक्तपुर जिल्ला | १ जना |
| | (८) ललितपुर जिल्ला | १ जना |
| (६) | नारायणी अञ्चल | |
| | (१) चितवन जिल्ला | २ जना |
| | (२) मकवानपुर जिल्ला | २ जना |
| | (३) पर्सा जिल्ला | २ जना |
| | (४) बारा जिल्ला | २ जना |
| | (५) रौतहट जिल्ला | २ जना |
| ७. | गण्डकी अञ्चल | |
| | (१) गोरखा जिल्ला | २ जना |
| | (२) तनहुँ जिल्ला | २ जना |
| | (३) मनाङ्ग जिल्ला | १ जना |
| | (४) लम्जुङ्ग जिल्ला | १ जना |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | (५) कास्की जिल्ला | २ जना |
| | (६) स्यांग्जा जिल्ला | २ जना |
| ८. | धवलागिरि अञ्चल | |
| | (१) पर्वत जिल्ला | १ जना |
| | (२) म्याग्दी जिल्ला | १ जना |
| | (३) मुस्ताङ्ग जिल्ला | १ जना |
| | (४) बाग्लुङ्ग जिल्ला | २ जना |
| ९. | लुम्बिनी अञ्चल | |
| | (१) गुल्मी जिल्ला | २ जना |
| | (२) अर्घाखाँची जिल्ला | १ जना |
| | (३) पाल्पा जिल्ला | २ जना |
| | (४) नवलपरासी जिल्ला | २ जना |
| | (५) रुपन्देही जिल्ला | २ जना |
| | (६) कपिलवस्तु जिल्ला | २ जना |
| १०. | राप्ती अञ्चल | |
| | (१) रुकुम जिल्ला | १ जना |
| | (२) रोल्पा जिल्ला | २ जना |
| | (३) सल्यान जिल्ला | १ जना |
| | (४) प्यूठान जिल्ला | १ जना |
| | (५) दाङ्ग जिल्ला | २ जना |
| ११. | भेरी अञ्चल | |
| | (१) दैलेख जिल्ला | २ जना |
| | (२) जाजरकोट जिल्ला | १ जना |
| | (३) सुर्खेत जिल्ला | १ जना |
| | (४) बाँके जिल्ला | १ जना |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| | (५) बर्दिया जिल्ला | १ जना |
| १२. | कर्णाली अञ्चल | |
| | (१) डोल्पा जिल्ला | १ जना |
| | (२) जुम्ला जिल्ला | १ जना |
| | (३) कालीकोट जिल्ला | १ जना |
| | (४) मुगु जिल्ला | १ जना |
| | (५) हुम्ला जिल्ला | १ जना |
| १३. | सेती अञ्चल | |
| | (१) बझाङ्ग जिल्ला | १ जना |
| | (२) बाजुरा जिल्ला | १ जना |
| | (३) डोटी जिल्ला | १ जना |
| | (४) अछाम जिल्ला | २ जना |
| | (५) कैलाली जिल्ला | १ जना |
| १४. | महाकाली अञ्चल | |
| | (१) दार्चुला जिल्ला | १ जना |
| | (२) बैतडी जिल्ला | २ जना |
| | (३) डडेलधुरा जिल्ला | १ जना |
| | (४) कञ्चनपुर जिल्ला | १ जना |

सम्पूर्ण निर्वाचित सदस्य-संख्या -११२

नेपाल कानून आयोग

# ÿअनुसूची ५

ÿ संविधानको दोस्रो संशोधनद्वारा खारेज ।



नेपाल कानून आयोग

# ÿअनुसूची ६

नेपाल कानून आयोग

इति सम्वत् २०१९ साल पौष १ गते रोज १ शभम्

ÿ संविधानको दोस्रो संशोधनद्वारा खारेज ।

नोट :-

(१) संविधानको पहिलो संशोधनको धारा ३५ बमोजिम निम्नलिखित शब्दका सट्टा निम्नलिखित शब्द राखी रुपान्तर गरिएकोछ :-

(१) "एटर्नी जनरल" को सट्टा "महान्यायाधिवक्ता"

(२) "गजेट" को सट्टा "राजपत्र"

(३) "रिपोर्ट" को सट्टा "प्रतिवेदन"

(४) "समन" को सट्टा "समाह्वन"

(५) "जेल" को सट्टा "कारागार"

(६) "पास" को सट्टा "पारित"

(७) "डिक्री" को सट्टा "आज्ञप्ति"

(८) "अपील" को सट्टा "पुनरावेदन"

(९) "कोर्ट मार्शल" को सट्टा "सैनिक अदालत"

(१०) "रिभ्यू" को सट्टा "पुनरावलोकन"

(११) "अफिस" को सट्टा "कार्यालय"

(१२) "गजेटेड्" को सट्टा "राजपत्रांकित"

(१३) "अफिसर" को सट्टा "अधिकृत"

(१४) "पुलिस" को सट्टा "प्रहरी"

(१५) "कमान" को सट्टा "शासन"

(१६) "ब्याचलर्स डिग्रि" को सट्टा "स्नातकोपाधि"

(१७) "पेन्सन" को सट्टा "निवृत्तभरण"

(२) नेपालको संविधानमा भएका संशोधनहरु :-

| संशोधन | घोषणा मिति | राजपत्रमा प्रकाशित मिति |
|---|---|---|
| १. नेपालको संविधान (पहिलो संशोधन) | :-२०२३।१०।१४ | २०२३।१०।१४ |
| २. नेपालको संविधान (दोस्रो संशोधन) | :- २०३२।८।२६ | २०३२।८।२६ |
| ३. नेपालको संविधान (तेस्रो संशोधन) | :- २०३७।९।१ | २०३७।९।१ |